नयाँवर्ष २०८३ को
शुभकामना ।

साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ३९ २०८३ वैशाख १५ गते मंगलबार (Apr. 28, 2026) मूल्य रू. १०/-

अझै जिवन्त हुनेतिर छैन कांग्रेस

८ दशक पुरानो दल नेपाली कांग्रेसले पहिला अधिवेशनमा झगडा गरेर पार्टीलाई लर्थालिङ्ग पारे, अहिले संसदीय दलको नेता छान्न हैरानीमा परेको छ। कांग्रेसमा कुन तहको खिया लागेको रहेछ ?

सभापति गगन थापाका ससुरा हुन् अर्जुन नर्सिंड केसी। उनले चुनाव लड्दिन, सहर्मतिमा संसदीय दलको नेता हुन्छु भनेपछि सभापति गगन थापा अन्यौलमा परेका हुन्। जेनजी आन्दोलन र चुनावबाट पाखामा पछ्रारिइसकेको कांग्रेसमा निर्वाचन आयोग र अदालतले पनि विबाद टुङ्ग्याइसकेपछि पनि निर्णय क्षमता आउन सकेको देखिएन। यस्तो कांग्रेसले उठाएको प्रजातन्त्रको बिडा फेरि उठाएर अघि बढ्छ भन्ने विश्वास कांग्रेसका होनहार युवाहरुमा कसरी जिवन्त रहला ? प्रश्न उठेको छ।

आफैंभित्रको चुनौतीमै अल्झिरहेको देखिन्छ कांग्रेस र कांग्रेसका नेताहरु।

संविधानको बहसपत्र : के होला ?

बालेन सरकारले गठन गरेको असीम साह नेतृत्वको संविधान बहसपत्र कार्यदलको बैठक सुरू भएका छन्। सहभागी हुन कार्यदलमा प्रतिनिधिका रूपमा आएका खासगरी नेकपाका देव गुरूङ, एमालेका भीष्म अधिकारी र कांग्रेस, जसपाका डा.सुरेन्द्र झा प्रतिनिधिहरूले 'विद्यमान संविधानको प्रस्तावना' ***(संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था)*** चलाउन नहुने अड्डी कसेका छन्। राप्रपाले राजसंस्था र हिन्दुराष्ट्रको पक्षमा अडान राखेको छ भने राष्ट्रिय जनमोर्चाले संघीयता खारेज गर्नुपर्ने सुझाव दिएको छ। चलाउन खोजे गम्भीर विवाद सुरू हुने जिकिर गरिरहेका छन्। दलका प्रतिनिधिहरूले संविधानका आधारभूत विषय र मौलिकहक तथा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकको प्रभावकारीता हुन नसक्नुको विषयवस्तुमा के के संशोधन गर्नुपर्ने हो ? भनेर प्रश्नसहित सुझाव दिएका छन्।

२०६३ पछि शासन सत्तामा हावी भएका दलहरूले संविधान संशोधनमा सरकारको के कस्तो धारणा छ ? सार्वजनिक हुनुपर्ने माग राखेका छन्। स्मरणीय छ, सरकारले सय दिनका सय कार्यसूचीमा संविधान संशोधन पनि उल्लेख रहेका छन्।

भ्रष्टाचारी र बिचौलियाको दोहोलो

बालेन सरकारले पासपोर्ट, लाइसेन्स घरमै पुऱ्याइदिने, नागरिकता लिन झण्झट बेहोर्नु नपर्ने, सरकारी सेवा सहजै दिलाउने प्रतिवद्धता पुरा गर्न थालेको छ। सय दिनमा गर्छु भनेको सम्पत्ति छानविन आयोगले काम थालेको छ, विद्यार्थीलार्य राजनीतिक प्रतिवन्ध लगाउने र सरकारी कर्मचारीले राजनीतिक दल छोड्नुपर्छ भनेको छ। महिलाका लागि निशुल्क बस सेवा, नावालिग र महिला सुरक्षा प्याकेज तथा मुख्य सवाल भ्रष्टाचारका फाइलहरू छानविनका लागि खोल्ने भनेको थियो, यो काम सुरू भएपछि भ्रष्टाचार गर्नेहरू भागम् भाग हुनथालेको देखिन्छ।

अब डिजिटल सेवा, सुशासन र पारदर्शिता अभियान थालेको बालेन सरकारले सबै दलका घोषणापत्रको मजबुन निकालेर नीति तथा कार्यक्रम बनाएको छ। प्रधानमन्त्री बालेन साह न उनका मन्त्री, कतै उद्घाटन, भाषणमा देखिदैनन्। बालेन सरकार जनतासँग गरेको करार र बाचापत्र अनुसारका काम गरेर जनताको मन जित्नतिर लागेको देखिन्छ। बिचौलिया लाखापाखा हुनपुगेका छन्।

बालेनप्रति सुकुम्वासी विश्वास

बालेन साहको टिमले ३७ वर्ष शासनसत्ता चलाएका कांग्रेस, एमाले, माओवादी, नेकपा सबै तीनछक पर्नेगरी काम गर्न थालेका छन्। स्वागत, सत्कार, उद्घाटन, भाषण केही देखिदैन। कानुनव्यवस्था, शासनसत्तामा रहेका फोहर बढार्नें र सुशासनको अनुभूति दिलाउन बालेन सरकार दिनरात एक गरिरहेको देखिन्छ।

मेयर हुँदा सरकारले असहयोग गर्दा रोकिएको काठमाडौं नदी किनार, जोखिमपूर्ण सार्वजनिक र सरकारी जग्गा अतिक्रमण गरेर बसेको र बनाइएका वस्ती र संरचना खाली गराउने अभियान चलायो, सहजै खाली हुनथालेका छन्। काठमाडौंको थापाथली, गैह्रीगाउँ, शान्तिनगरमात्र होइन, कागेश्वरीको गोठाटार, बुद्धचोक, मनोहराका अनधिकृत वस्तीहरु पनि खाली भइसकेका छन्। अनधिकृत घरटहरा खाली गराउने अभियान पोखरा, बुटवल, पर्सालगायतमा चलिसकेको छ भने देशैभरि यो कार्यको असर देखिन थालेको छ। खासगरी सुकुमवासीले बालेन सरकारप्रति स्थायी व्यवस्था गरिदिन्छ भन्ने विश्वासका कारणले सुकुमवासीहरुले आफूले वर्षौं देखि बस्दै आएका थाँतथलो छाडिदिएका छन्।

सहरी विकास, पालिका, नेपाल प्रहरी, सशस्त्र प्रहरीले सुकुम्वासी वस्ती खाली गराउन सुकुमवासीलाई सहयोग गरेका छन्। सरकारले सुकुमवासी भनिने सबैको स्क्रिनिङ गरिरहेको छ। करोडौंका घरजग्गा भएका, गाडी चड्ने, धनाध्य पनि सुकुमवासीको भीडमा देखिएका छन्। सरकारले वास्तविक सुकुम्वासी पहिचान गर्ने कार्य तीव्र गतिमा अघि बढाएको छ। सुकुमवासीहरुलाई खाने, बस्ने सबै हेरविचार सरकारले नै गरिरहेका छन्। सुकुमवासी वस्ती खाली गराउँदा केही विरामी, बालबालिकाहरुले दुःख पाएका दृश्यहरु पनि देखिएका छन्।

सुकुमवासी भनेर वस्ती बसाल्ने र तिनीहरुलाई भोट बैंकका रुपमा उपयोग गर्दै आएका कांग्रेस, एमाले, नेकपा र अन्य केही राजनीति गर्नेहरुले बिरोध गरेका छन्। श्रम संस्कृति पार्टीले समेत भय सिर्जना गरेको भनेर बिरोध जनाएको छ। तर राजनीतिक दल, नागरिक समाजलगायतले वास्तविक सुकुमवासीको स्थायी बसोवासको व्यवस्था हुनुपर्नेमा जोड दिएका छन्। प्रधानमन्त्री बालेन साहले सामाजिक सञ्जालमार्फत वास्तविक सुकुमवासीहरुलाई स्थायी र सुरक्षित बसोवासको व्यवस्था मिलाइदिने विश्वास दिलाएका छन्। ०४६ सालपछि पहिलोपल्ट जनताले सुकुमवासीलेसमेत सरकारप्रति अपार विश्वास गरेका छन्।

आमनागरिकमा विश्वास छ, बालेन सरकारले केही गर्छ। सुकुमवासी र असहायहरुको विश्वास छ, यो सरकार हाम्रै सरकार हो, यसले हाम्रालागि केही गर्छ। हो, जनतामा सरकारप्रतिको अपनत्व पहिलोपल्ट देखिएको छ। सरकारपक्ष भन्छ- छानविनपछि वास्तविक सुकुम्वासीको पहिचान हुन्छ र तिनीहरुलाई नागार्जुन र अन्य स्थानहरुमा सुरक्षितसाथ राखिने छ। तिनीहरुको दीर्घकालीन व्यवस्थापनमा पनि सरकारले काम सुरु गरिसकेको छ।

प्रधानमन्त्री भन्छन्- ढुक्क हुनुहोस् ।

बिसंनुभयो कि सम्झनुहुन्छ, हरेक वर्षको बाढीका कारण काठमाडौंका नदीकिनारमा रहेका हजारौं मानिस ज्यान मात्र जोगाएर आफ्ना सबै सामान छोड्दै भाग्नुपरेको अनि सरकारले उद्धार गर्नुपरेको दृश्य ! यो वर्षौंदेखिको समस्या हो र हरेक वर्ष दोहोरिने नियति पनि । यो समस्यालाई अब आउने वर्षका लागि थाती नराखी उहाँहरूलाई सुरक्षित रूपमा बसोवासको व्यवस्था मिलाउनुपर्छ भनेर मैले बारम्बार लेख्दै र भन्दै आएको छु ।

सोच्नुहोस् त, अब पनि कुनै ठुलो दुर्घटना कुन दिन आउँछ भनेर कुर्दै बस्ने हो र हामी ? उहाँहरूको जीवनसँग खेलवाड गर्दै त्यही हालमा छोडेर अधिकार र भोटको राजनीति यसरी नै सधैं गरिरहने ? उहाँहरूलाई उचित ठाउँमा व्यवस्थापन गर्नु उपयुक्त हुन्छ कि जसरी वर्षौंदेखि झुलाइयो, त्यसै गरी अबका वर्षहरूमा पनि झुलाइराख्नु ? नागरिकका रूपमा उहाँहरूले पाउने अधिकार त्यही अव्यवस्थित र डुबानको जोखिम भएको ठाउँमा बसिरहनु हो कि त्योभन्दा सुरक्षित ठाउँमा जानु हो ? पक्कै पनि जोखिमरहित व्यवस्थापन उहाँहरूको अधिकार हो ।.....

मैले उम्मेदवारका रूपमा झापामा गरेको बाचा, वरिष्ठ नेताका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको बाचापत्रमा लेखिएको प्रतिबद्धता अनि प्रधानमन्त्रीका रूपमा छानिएका 'सरकारका १०० बटा गर्ने पर्ने काम' (सुकुम्वासी व्यवस्थापन बुँदा ९१ र सरकारी जग्गा अतिक्रमण तथा कब्जा रोक्ने बुँदा ९२) हामीले बिर्सिएका छैनौं । ती बाचा पूरा गर्न हामी आन्तरिक रूपमा तयारी गरिरहेका छौं ।

काठमाडौंका खोला किनार बाहेक अरू हजारौं परिवार छन्, जो बास्तवमै पीडित छन् अनि देशभर लाखौं सुकुम्वासी छन् । त्यहाँको र यहाँको समस्या बिल्कुलै फरक हो । हामी सरकारमा छौं; अतिक्रमणकारी र सुकुम्वासी छुट्याउने नै छौं । देशभरका वास्तविक सुकुम्वासीका लागि प्रक्रिया पूर्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं । वर्षौं पुरानो यो समस्याको स्थायी समाधान यो सरकारले गर्नेछ । ढुक्क हुनुहोस् ।

उद्यमी, व्यवसायी धमाधम पक्राउ हुँदै

उद्यमी र व्यवसायी धमाधम पक्राउ हुनथालेपछि सरोकारवाला संगठनहरुले आतंकित नपार्न भनेको छ। उद्यमी व्यवसायीहरुले लगानी विदेश पलायन हुनसक्ने खतरा पनि देखाएका छन्।

भारतीय मूलका उद्यमी, व्यापारीहरुले हुण्डीमार्फत ठूलो धनराशी भारत, दुबई, सिंगापुर, हङकङतिर पठाउन थालेको सुनिदैछ। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष शेखर गोल्छा पक्राउ परेपछि उद्यमीले सरकारलाई बाध्यपार्न र कानुनसँग अझै खेलवाड गर्न पाउनुपर्छ भन्ने आशयका वक्तव्यहरु सार्वजनिक गरिरहेका छन्।



बैंकमा पैसा थुपिएको, २ वर्षदेखि मन्दी छाएको स्थितिमा जेनजी सरकारले लगानी बढाएर रोजगारी र निर्यात बढाउनुपर्ने स्थिति छ। उत्पादन र निर्यात, आयात सबै घटेका छन्। अबको सरकारको बजेट र नीति सबैतिर चासोको विषय बनेका छन्।

विज्ञापन सम्बन्धी विभेदकारी निर्णय खारेज गर।

प्रेस स्वतन्त्रता कायम गर।

नीतिगत अभिप्रायबाट आर्थिक संरचनातर्फ
नेपालको १०० अर्व डलर अर्थतन्त्रतर्फको यात्रा

- गालब बहादुर ढुंगाना -

नेपालले लामो समयदेखि आफ्नो वार्षिक बजेटलाई एक पूर्वानुमेय औपचारिकता जस्तै लिँदै आएको छ, जहाँ सीमित राजस्वलाई तत्कालीन राजनीतिक प्रतिबद्धतासँग सन्तुलन गर्ने प्रयास मात्र गरिन्छ। तर आजको सन्दर्भमा यो पर्याप्त छैन। वर्तमान वित्तीय अवस्था केवल हिसाबकितावको विषय होइन, राज्यले छोटो अवधिको व्यवस्थापनभन्दा माथि उठेर दीर्घकालीन आर्थिक संरचना निर्माण गर्न सक्छ कि सक्दैन भन्ने मूल प्रश्न हो। १०० अर्व अमेरिकी डलरको अर्थतन्त्र र ७ प्रतिशतको स्थिर आर्थिक वृद्धिको राष्ट्रिय लक्ष्यले अब सुधारको स्वरूप क्रमिक परिवर्तनबाट संरचनात्मक रूपान्तरणतर्फ मोडिएको छ।

यस सन्दर्भमा, अप्रिल २०२६ मा संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद् (ECOSOC) मा Swarnim Waglelले राखेका धारणा महत्वपूर्ण छन्। उनले नेपाल अझै पनि आन्तरिक ऋणमा अत्यधिक निर्भर रहेको स्वीकार गरे र दीर्घकालीन आर्थिक वृद्धिका लागि यो मोडेल पर्याप्त नभएको संकेत गरे। उनले निजी पूँजी परिचालनको आवश्यकता औंल्याउँदै पूर्वाधार वित्तीय अभावलाई प्रमुख अवरोधका रूपमा पहिचान गरे र लगानीमैत्री वातावरण सिर्जना गर्न सुशासन सुधारमा जोड दिए।

आन्तरिक ऋणमा निर्भरता घटाउने आह्वान वित्तीय रूपमा उचित छ, तर नेपालले घरेलु ऋण लिने कारण केवल नीतिगत विकल्प मात्र होइन। यसको मूल कारण ठूलो परिमाणमा पूँजी अवशोषण गर्न सक्ने उत्पादनमूलक क्षेत्रहरूको अभाव हो। समस्या ऋण लिनुमा होइन, त्यो ऋण कहाँ खर्च हुन्छ भन्नेमा छ। जबसम्म बलियो घरेलु माग सिर्जना गर्ने आधार तयार हुँदैन, ऋण घटाउने प्रयासले आर्थिक वृद्धिविना वित्तीय संकुचन निम्त्याउने जोखिम रहन्छ।

यो संरचनात्मक असन्तुलन सार्वजनिक वित्तको संरचनामा स्पष्ट देखिन्छ। हाल पुनरावृत्ति खर्च–तलव, पेन्सन र प्रशासनिक खर्च–बजेटको करिब ६१ प्रतिशत ओगट्छ भने पूँजीगत खर्च करिब १५ प्रतिशतमा सीमित छ। यसैबीच, कुल सार्वजनिक ऋण करिब ३ खर्व रुपैयाँ पुगेको छ, जुन करिब २२.५ अर्व अमेरिकी डलर बराबर हुन्छ। बजेटको झण्डै २० प्रतिशत ऋणको सावाँ-ब्याज भुक्तानीमा खर्च भइरहेको छ। गणितीय रूपमा हेर्दा अहिले ऋण सेवा खर्च नै पूँजीगत खर्चभन्दा बढी भएको छ, जसले देखाउँछ कि राष्ट्रिय स्रोतको ठूलो हिस्सा भविष्य निर्माणभन्दा विगतका दायित्वमा खर्च भइरहेको छ।

अन्तर्राष्ट्रिय मञ्चमा उठाइने "वित्तीय विभाजन" को मुद्दा यथार्थपरक भए पनि नेपालको सन्दर्भमा समस्या अझ गहिरो छ। चुनौती केवल पूँजीमा पहुँचको होइन, परियोजनाहरूको बैंकयोग्यता हो। नेपालमा पूँजीको अभाव मात्र छैन, बरु प्राविधिक रूपमा विश्वसनीय, जोखिम व्यवस्थापन गरिएको र संस्थागत रूपमा समर्थित परियोजनाहरूको अभाव छ। विश्व बजारमा जलवायु र पूर्वाधार परियोजनाका लागि पूँजी उपलब्ध छ, तर लगानीकर्ताले भावनात्मक अपील होइन, स्पष्टता, संरचना र विश्वसनीयता खोज्छन्। यस अन्तरलाई पाट्न केवल वकालत पर्याप्त हुँदैन।

यसैले निजी क्षेत्र र प्रवासी नेपाली पूँजीको महत्त्व स्वीकार्नु आवश्यक भए पनि पर्याप्त छैन। प्रवासी पूँजी आमन्त्रणको प्रतीक्षामा छैन, यो संस्थागत विश्वासको प्रतीक्षामा छ। अहिलेसम्म यस्तो लगानीको सीमितता चासोको अभावले होइन, नीतिगत स्थिरता, परियोजनाको संरचना, निकास संयन्त्र तथा मुद्रा र नियामकीय जोखिमबाट सुरक्षाको अभावले हो। यसलाई खोल्न सार्वजनिक-निजी साझेदारीका संरचित मोडेलहरू आवश्यक छन्, जसले जोखिम घटाएर प्रोत्साहन मिलाउन सक्छ।

७ प्रतिशत वृद्धिसहित १०० अर्व डलरको अर्थतन्त्र निर्माण गर्ने लक्ष्यले चुनौतीलाई अझ स्पष्ट बनाउँछ। यस्तो वृद्धि रेमिट्यान्स, पर्यटन वा साना सेवा क्षेत्रमार्फत सम्भव छैन। हाल रेमिट्यान्स २.१ ट्रिलियन रुपैयाँभन्दा बढी पुगेको छ, जुन करिब १५.७ अर्व अमेरिकी डलर बराबर हो र कुल गार्हस्थ उत्पादनको झण्डै ३० प्रतिशत हो। तर यो मोडेलले गहिरो विरोधाभास लुकाएको छ। नेपालले श्रम निर्यात गर्छ तर उपभोग आयात गर्छ। यसरी हामीले आफ्ना नागरिकलाई दुई पटक कर लगाउँछौं–पहिलो, विदेशमा गरिएको श्रममार्फत, र दोस्रो, आयातित वस्तुमा खर्च गर्दा।

नेपालको सबैभन्दा ठूलो सम्भावना स्वच्छ ऊर्जा हो, तर यो अझै पूर्ण रूपमा उपयोग भएको छैन। हामी सस्तोमा बिजुली निर्यात गर्छौं र महँगो जीवाश्म इन्धन आयात गर्छौं। पेट्रोलियम पदार्थ मात्र कुल आयातको करिब १६ प्रतिशत ओगट्छ, जसमा वार्षिक ३०० अर्व रुपैयाँभन्दा बढी, अर्थात् करिब २.२५ अर्व अमेरिकी डलर खर्च हुन्छ। यदि ऊर्जा-आधारित उद्योगहरू देशभित्र विकास गरियो भने, यो ३०० अर्व रुपैयाँको वार्षिक बहिर्गमनलाई ऊर्जा सुरक्षा र कृषि उत्पादकतामा लगानी गर्न सकिन्छ।

हरित हाइड्रोजन, अमोनिया र हरित युरिया उत्पादनजस्ता ऊर्जा-आधारित उद्योगहरूले अतिरिक्त विद्युतलाई रणनीतिक आर्थिक उत्पादनमा रूपान्तरण गर्न सक्छन्। यसले ऊर्जा सुरक्षा र कृषि उत्पादनलाई एकीकृत गर्छ। विद्युतीय उत्पादन उद्योग र डेटा सेन्टरजस्ता डिजिटल पूर्वाधारहरूले आधुनिक औद्योगिक संरचनाको आधार तयार गर्न सक्छन्, जसले विदेशी लगानी आकर्षित गर्दै नेपाललाई विश्वव्यापी मूल्य श्रृंखलामा जोड्न सक्छ।

यसैसँगै नेपालको वातावरणीय स्वच्छता केवल सवैधानिक अधिकार मात्र होइन, आर्थिक अवसर पनि हो। विश्व अर्थतन्त्र डिकार्वोनाइजेसनतर्फ गइरहेको अवस्थामा स्वच्छ ऊर्जा र न्यून कार्वन उत्पादन प्रणालीहरूले जलवायु वित्त, ESG-आधारित लगानी र उच्च मूल्यका निर्यात बजार आकर्षित गर्न सक्छन्। अवसर केवल वृद्धि गर्ने मात्र होइन, फरक ढंगले वृद्धि गर्ने हो।

यो रूपान्तरणका लागि सार्वजनिक खर्चमा अनुशासन र नीतिगत कार्यान्वयनमा स्पष्टता आवश्यक छ। अहिले धेरै स्रोत साना र सीमित प्रभाव भएका परियोजनामा खर्च भइरहेका छन्, जसले दीर्घकालीन आर्थिक मूल्य सिर्जना गर्दैनन्। सार्वजनिक लगानीलाई यसको राजनीतिक दृश्यताले होइन, उत्पादन क्षमता, रोजगारी सिर्जना र भविष्यको राजस्व वृद्धि गर्ने क्षमताले मूल्यांकन गर्नुपर्छ।

अन्ततः नेपालले आफ्नो वित्तीय, औद्योगिक र ऊर्जा रणनीतिलाई एउटै आर्थिक संरचनामा समेट्नुपर्छ। मन्त्रालयहरूबीचको विखण्डित योजना प्रणालीले संरचनात्मक परिवर्तन ल्याउन सक्दैन। आवश्यक कुरा समन्वित दृष्टिकोण हो, जसले पूँजी परिचालनलाई क्षेत्रगत प्राथमिकता र कार्यान्वयन क्षमतासँग जोड्छ, र परियोजनालाई अवधारणाबाट बैंकयोग्यता हुँदै वित्तीय निष्कर्षसम्म पुर्याउँछ।

अब प्रश्न नेपालले वृद्धि गर्न सक्छ कि सक्दैन भन्ने होइन। प्रश्न यो हो कि नेपालले पूँजीलाई अवशोषण, प्रयोग र गुणात्मक रूपमा विस्तार गर्न सक्ने अर्थतन्त्र निर्माण गर्न सक्छ कि सक्दैन। डा. वारलेले ECOSOC मा परिवर्तनको "किन" स्पष्ट पारेका छन्। अब "कसरी" परिभाषित गर्नु हाम्रो दायित्व हो। भविष्य हाम्रो अभिप्रायको स्पष्टताले होइन, हामीले निर्माण गर्ने आर्थिक संरचनाको मजबुती र तथ्यमा आधारित वित्तीय अनुशासनले निर्धारण गर्नेछ।

संविधान संशोधन र न्यायिक पुन:संरचना

प्रवीण वयक, भक्तपुर
पूर्वाञ्चल विश्वविद्यालय

न्यायपालिका लोकतान्त्रिक शासन प्रणालीको मेरुदण्ड हो । यस संस्था वा अङ्ग लाई न्यायमा पहुँच सुनिश्चित गर्ने आधारभूत कदमको रुपमा परिकल्पना गर्ने गरिन्छ। न्यायपालिका न्याय दिने थलो मात्र नभई कुनै पनि मुलुकका संविधान तथा कानुनको उद्देश्य प्राप्त गर्ने मुख्य साधन पनि हो। त्यसका लागि न्यायपालिका स्वतन्त्र, निष्पक्ष, सक्षम, सेवामुखी तथा जनमुखी हुनुपर्दछ र यी यस्ता कामहरुले नै न्यायपालिकाको न्यायिक प्रभावकारिता निर्धारण गर्ने गर्छ। यो सँगै नेपाल जस्ता मुलुकले अवलम्बन गरेको शक्ति पृथकीकरण नियन्त्रण र सन्तुलनको सिद्धान्त, विधिको शासन सुशासन, नागरिक स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका लगायत अन्य धेरै संविधानवादसँग सम्बन्धित अवधारणालाई लागू तथा कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ । यी लगायत केही यस्ता व्यावहारिक पक्षहरू छन् जुन अहिले कानुनमा विभिन्न सैद्धान्तिक पक्षले पनि आत्मसाथ गरेको छ । जस्तै: न्यायिक जवाफदेहिता, पूर्वाग्रह रहित न्यायिक बातावरण, समयानुकूल मुद्दा व्यवस्थापन , छिटो तथा सर्वसुलभ न्याय लगायतका विषयहरू रहेका छन् ।

तर नेपालको न्यायपालिकाको विद्यमान अवस्था र यसले देखाएको न्यायिक अप्रभावकारिताका कारण न्यायालय माथि नै गम्भीर प्रश्न उठ्ने गरेको छ । चाहे त्यो अदालतहरूद्वारा गरिने फैसलालाई लिएर होस, चाहे न्यायिक नेतृत्वको विषयलाई लिएर होस, चाहे यसको कार्यशैलीलाई लिएर होस् अथवा अन्य कुनै, एकातिर नेपालको संविधानको धारा २२६ मा नेपालमा न्याय सम्बन्धी अधिकार न्यायपालिकावाट हुने स्पष्ट व्यवस्था गरेको छ भने अर्कोतिर नातावाद, कृपावाद राजनीतिक हस्तक्षेप तथा आर्थिक चलखेल जस्ता विषयहरु तीव्र छन् । यस्ता गतिविधिको हावी हुनुका कारणले पनि अहिले न्यायपालिकालाई विकृति, विसंगतिको थलोको रुपमा ईंगित गरिएको कुरा छर्लङ्ग नै छ । यी सबै परिणामको मुख्य कारक तत्व भनेको नै न्यायपालिका सम्बन्धी भएका संवैधानिक र कानुनी प्रावधानको कमजोरी हो । यस्ता प्रावधानहरू आफैमा गलत भने होइनन् तर उक्त प्रावधानमा भित्री रुपमा सेटिएका कमजोर पक्षहरूलाई लिन सकिन्छ ।

हुनत न्यायिक सुधार गर्नका निम्ति सन् १९८५ मा UN congress on the prevention crimes and treatment of offender भन्ने विषयमा बृहत विमर्श तथा छलफल गरी संयुक्त राष्ट्रसङ्घको साधारण सभाबाट प्रस्ताव पारित गरेको थियो र उक्त अन्तर्राष्ट्रिय संस्थाबाट पारित यस सिद्धान्तलाई Un basic principles on the independence of judiciary भनेर भन्ने गरिन्छ

साथै एसियाली मुलुकहरूको हकमा सन् १९८२ मा law Association for Asian and and Pacific (LAWASIA) भनेर जापानको टोकियोमा Law Asian standing committee सँगै एसियाका विभिन्न मुलुकका न्यायाधीश तथा प्रधान न्यायाधीश हरूको सहभागितामा यो सम्मेलन भएको थियो, जसलाई Tokyo principle पनि भन्ने गरिन्छ । पछि यसै अन्तर्गत रहेर १९९५ मा चीनको राजधानी बेजिङमा स्वतन्त्र न्यायपालिकाको अवधारणालाई अझै स्पष्ट पार्नका लागि विभिन्न २० मुलुकका प्रधान न्यायाधीश अरुको सहभागिता रहेको थियो । नेपालको तर्फबाट पूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायले पनि यसमा हस्ताक्षर गर्नुभएको थियो र यस सिद्धान्तलाई principle of independence of judiciary LAWASIA Region भन्ने गरिन्छ ।

नेपालको सन्दर्भमा पनि न्याय क्षेत्रमा सुधार गर्नको निम्ति विभिन्न नीति, नियम, आचार संहिता बने सँगै अहीले त झन पञ्चवर्षीय रणनीतिक योजना समेत बनाएको छ तर दुःख को कुरा यी यस्ता कदमहरु चल्दा पनि किन न्यायपालिका स्वतन्त्र न्यायपलिकाको अवधारणा बाट टाढा छ ? न्यायपालिका न्यायीक प्रभावकारिता बाट किन पछी हटेको छ ? यसको मुल कारण नै न्याय पालिका र यस सँग जोडिएका अन्य निकाय र संस्था हरूका संरचना हुन् ।

संविधान संशोधनसँगै संरचनागत सुधार गर्नुपर्ने मूल विषयहरू

संवैधानिक परिषद: नेपालमा सर्वोच्च अदालतको प्रधान्यायाधीश र न्यायाधीशहरुको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ । धारा २८४ ले संवैधानिक परिषदमा प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाको र उपसभामुख राष्ट्रिय सभाको अध्यक्ष र विपक्षी दलको नेता गरी ६ जना सदस्य रहने व्यवस्था गरेको छ। परिषदको अध्यक्ष प्रधानमन्त्री रहने र उसैको अध्यक्षतामा प्रतिनिधि सभाको सभामुख र उपसभामुख नियुक्ति गर्ने व्यवस्था रहेको छ । एक हिसाबले हेर्ने हो भने यो सरकारको नियुक्ति हो र यसले न्याय क्षेत्रमा धेरै ठूलो प्रभाव पार्न सक्छ उदाहरणका लागि प्रधानमन्त्री नभएको र संसदमा सभामुख र उपसभामुख नरहेको अवस्थामा प्रधानन्यायाधीश तथा न्यायाधीशको नियुक्ति गर्न बाधा पर्ने सम्भावना रहन्छ र यसले न्यायाधीश विहिनताको अवस्था सिर्जना गर्छ । जुन कारणले गर्दा न्यायालयमा भएका मुद्दाहरू टुङ्गो नलाग्ने सम्भावना झझ बढ्दै जान सक्ने सम्भावना रहन्छ। धेरै टाढा जानु पर्दैन विसं २०८२ चैत १७ प्रधान न्यायाधीश नियुक्ति गर्ने ठाउँमा गते कायम मुकायम प्रधान न्यायाधीश सपना प्रधान मल्लको नियुक्ति गर्न बाध्य हुनुपर्ने अवस्था निम्त्याएको थियो । यसको कारण भनेको सरकार गठन पश्चात सभामुख र उपसभामुख मनोनयन नगरी (संवैधानिक परिषद्को सदस्यको रूपमा पनि नियुक्ति नहुँदा) सर्वोच्च अदालतको प्रधान न्यायाधीश नियुक्त समेत हुन समेत रोकिने रहेछ भन्ने कुरा छर्लङ्ग नै छ । त्यसैले यस्तो झन्झटबाट टाढा रही स्वतन्त्र न्यायपालिकाको वास्तविक प्रत्यायभूति दिलाउन र उक्त अवधारणालाई व्यावहारिक रूपमा स्थापित गर्नको लागि भएपनि राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको सभामुख र उपसभामुखको सट्टामा कम्तिमा एकजना समावेशिताको आधारमा बाँकी दुईजना राष्ट्रिय जीवनमा योगदान पुऱ्याएका व्यक्तिको नियुक्ति गर्ने गरी संविधानको धारा २८४ लाई संशोधन गर्नुपर्छ भन्ने न्याय क्षेत्रका विज्ञहरूको रायलाई सम्बोधन गर्न आवश्यक छ।

न्याय परिषद: संविधानको धारा १५३ ले प्रधानन्यायाधीश, संघीय कानुनमन्त्री, सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्त गरेको एकजना कानुनविद, नेपाल वार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तिमा २० वर्ष अनुभव प्राप्त गरेको वरिष्ठतम अधिवक्ता वा अभिवक्ता गरी पाँच जना सदस्य रहने न्यायपरिषद्को परिकल्पना गरेको छ । जुन परिषद्ले न्याय क्षेत्रका न्यायाधीशहरूको नियुक्ति गर्छ उसै परिषदमा आफैमा कार्यकारिणी बहुमत देखिन्छ । यसले न्यायाधीश नियुक्ति गर्दाका बखत कार्यकारिणी बल प्रयोग हुने देखिन्छ। न्याय परिषद्का पाँचजना सदस्यमध्ये ३ जना राजनीतिक आशीर्वाद लिएर बसेको कारण पछि नियुक्त गर्ने न्यायाधीशहरू पनि कार्यकारिणी प्रभावका कारण स्वार्थ बाजिने कुरा स्पष्ट छ र जुन कुरा नेपालमा हुँदै पनि आइरहेको छ ।

त्यसकारण न्यायपरिषद्को हकमा न्यायपालिकाको प्रतिनिधित्व गर्ने न्यायाधीश, कानुनतर्फको कानुनमन्त्री र नेपालवार एसोसिएसनबाट प्रतिनिधित्व गर्ने एकजना वरिष्ठतम अधिवक्ता रहने गरी तीन सदस्य न्यायपरिषद् गठन गरिनुपर्छ जुन अन्य मुलुकले यो प्रणाली अवलम्बन गरेका छन् । जसले न्यायपालिकालाई अझ थप बलियो बनाई राजनीतिक प्रभावबाट टाढा राख्न सकिन्छ र यसका लागि संविधानको धारा १५३ लाई हेरफेर तथा पुनर्विचार गरी संशोधन गर्न आवश्यक देखिन्छ । अर्को मूल कमजोरी भनेको धारा १४० उच्च अदालतको मुख्य न्यायाधीशको र १४९ जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतको प्रधान न्यायाधीशले गर्ने व्यवस्था स्पष्ट रुपमा उल्लेख गरिएको छ। तर प्रधान न्यायाधीशको पद रिक्त भएको अवस्थामा कायममुकायम प्रधान न्यायाधीशले गर्ने ? अथवा पदरिक्त भएको पूर्व प्रधान न्यायाधीशले गर्ने ? कि के को आधारमा गर्ने ? भन्ने कुरा स्पष्ट छैन । त्यसैले यसलाई पनि पूर्णविचार गरि कुन माध्यमबाट जिल्ला अदालत र उच्च अदालतका मुख्य न्यायाधीशहरूको नियुक्ति गर्ने भन्ने कुरा स्पष्ट हुनुपर्छ, होइन भने केही स्वार्थका लागि भएपनि व्यक्तिहरू का. मु प्रधान न्यायाधीश भई आफ्ना मान्छेहरु अदालतहरूमा नियुक्ति गर्ने सम्भावना रहन्छ र रहँदै आएको छ ।

संवैधानिक इजलास : सवैभन्दा पहिला त संवैधानिक इजलास र सर्वोच्च अदालत लाई लिएर नै अवधारणागत विवाद हुने गरेको देखिन्छ । यिनीहरूमा कुन ठूलो अदालत की इजलास भन्ने प्रश्न उठ्ने गरेको छ किनकि संवैधानिक विषयमा फैसला गर्ने निर्णय गर्ने अन्तिम अधिकार नै संवैधानिक इजलासलाई दिएको छ जुन अधिकार सर्वोच्चबाटै प्राप्त भएपनि सर्वोच्च को भन्दा ठूलो निर्णयको रुपमा लिइन्छ । त्यसैमाथि अहिले संवैधानिक विवादको विषयमा निरूपण गर्नका लागि बनेको सवैधानिक इजलास ले पनि भने अनुसारको परिणाम दिन सकेको छैन । संघ प्रदेश र स्थानीय तहबीचको अधिकारलाई लिएर दायर गरिएका मुद्दाहरू अझै पनि निरूपण गर्न सकिएका छैनन् ।

संविधानको धारा १३७ (१) ले प्रधान न्यायाधीश सहित अन्य चारजना न्याय परिषद्को सिफारिसमा नियुक्त गरी छुट्टै संवैधानिक इजलास राख्न सक्ने व्यवस्था छ । जुन आवश्यकता अनुसार मात्रै इजलासको गठन गर्ने गरिन्छ । यसमा यसले आकस्मिक समयमा आउन सक्ने मुद्दाहरूलाई कसरी समाधान गर्ने भन्ने विषयमा छिटो टुङ्गोरो लगाउन नसक्ने र यस्तो समयमा बाह्य दबाव हावी हुनसक्ने सम्भावना रहन्छ । त्यसकारणले कि त सर्वोच्च अदालतमा न्यायाधीशको सङ्ख्या बढाई स्थायी सवैधानिक इजलास (संवैधानिक इजलासको लागि छुट्टै न्यायाधीश गरी सर्वोच्च अदालतमा प्रधानन्यायाधीश सहित २२ जना न्यायाधीश रहने व्यवस्था) वा यसैको अर्को विकल्पको रूपमा छुट्टै संवैधानिक अदालतको गठन गर्नुपर्छ । यो विषय आफैमा एउटा विवादित विषय पनि हो । यदि सर्वोच्च अदालतको मातहतमा छुट्टै संवैधानिक अदालत गठन गरी उक्त अदालतको निर्णयलाई अन्तिम निर्णयको रुपमा लिने हो भने सर्वोच्च को भन्दा बढी अधिकार दिए जस्तो देखिन्छ र फेरि त्यही ठाउँमा सर्वोच्चको प्रधान न्यायाधीशको मुल नेतृत्वको मातहतमा रही संवैधानिक अदालतको गठन गर्ने हो भने ठ्याक्कै अहिले संविधानले परिकल्पना गरेको संवैधानिक इजलास जस्तै रहने फरक फरक अदालतमा एउटै व्यक्तिको प्रभाव रहने सम्भावना रहन्छ त्यसैले यस विषयमा गहन अध्ययन गरी संविधानको धारा १३७ लाई पनि पुनःविचार गरी आवश्यक परे संशोधन समेत गरिनुपर्छ ।

प्रधान न्यायाधीश नियुक्ति : संविधानको धारा १२९ (३) तीन वर्ष सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति सर्वोच्च अदालतको प्रधान न्यायाधीशका लागि उपयुक्त देखिएता पनि राजनीतिक दल वा नेताको सहयोग विना प्रधान न्यायाधीश हुन नसक्ने अवस्था हालसम्म नियुक्त भइसकेका प्रधान न्यायाधीशको हकमा देखिसकेका छौं । न्यायालयको मूल नेतृत्व गर्ने यस्तो संवेदनशील तथा न्यायिक पदलाई स्वतन्त्र बनाउन सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश लाई प्रधा न्यायाधीशको रूपमा नियुक्ति गर्ने र योग्यता पुगेका अन्य न्यायाधीशहरूलाई कुनै न कुनै माध्यमबाट योग्यताको परीक्षण गर्ने वातावरण तयार गरी मेरिट लिस्टका आधारमा न्यायाधीशको नियुक्ति गर्न आवश्यक देखिन्छ ।

संसदीय छानबिन समितिका सदस्यहरूको रूपमा बस्नुपर्ने बाध्यात्मक व्यवस्थाको खुकुलोपन : संविधानको धारा २४८ (६) को (क) अध्यक्षको हकमा मानव अधिकारको संरक्षण र संवर्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशको पदबाट सेवानिवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशिष्ट योगदान पुऱ्याई ख्यातिप्राप्त गरेको व्यक्तिलाई नियुक्ति गर्ने यस्तै संक्रमणकालीन न्याय सम्पादन समिति लगायत अन्य संसदीय समितिमा समेत विशेषगरी पूर्व प्रधान न्यायाधीश र न्यायाधीश बस्नुपर्ने व्यवस्था अलि बाध्यात्मक जस्तो देखिन्छ र यसले न्यायाधीशहरूले न्यायिक विषयलाई ध्यान नदिएर आफ्नो भूमिका बनाउनतिर व्यस्त रहने सम्भावना रहन्छ ।

संसदीय सुनवाई : खासमा संसदीय सुनवाई हाम्रो संसदीय प्रणाली अवलम्बन गरेको मुलुकको लागि नभई राष्ट्रपति प्रणाली अवलम्बन गरेको मुलुकका निम्ति मात्र हो । कार्यपालिकाले गर्ने नियुक्तिमा संसदले शक्ति सन्तुलन गर्नमा सहजता होस् भन्नका निम्ति अमेरिकाले यस किसिमको व्यावहारिक अवधारणा लाई अगाडि बढाएको तर नेपालको सन्दर्भमा भने न्यायाधीशको नियुक्तिका नियुक्ति हुनु पर्व परीक्षणका लागि बनाइएको संसदीय छानबिन समिति पनि अहिले आफ्ना मान्छे नियुक्ति दिलाउन तत्पर रहेको देखिन्छ यही संसदीय सुनवाई को नाममा नेपालमा कति राजनीतिक हुन्छ भन्ने कुरा प्रधानन्यायाधीशको पालो कुरेर बसेका दीपकराज जोशी संसदीय सुनवाईबाटै फर्किनुपर्ने कुराले स्पष्ट पार्छ । त्यसैले यस विषयलाई पनि गम्भीर रुपमा पुनःविचार गरिदिनुपर्छ ।

अन्य क्षेत्रको सुधार: अहिले अर्धन्यायिक निकाय अन्तर्गत जिल्ला प्रशासन कार्यालय जिल्ला, डिभिजन वन कार्यालय, अध्यागमन विभाग,भन्सार विभाग, राष्ट्रिय निकुञ्ज वन्यजन्तु संरक्षण कार्यालय लगायतका सम्बन्धित क्षेत्रका विवाद निरूपण गर्ने व्यवस्था गरेको छ । तर यस्ता अर्धन्यायिक निकायको क्षेत्राधिकार निश्चित ढङ्गबाट कुनै पनि कानुनमा निर्धारण गरिएको जस्तो देखिँदैन जस्तै विवाद समाधानका लागि वन अधिकृतको नियुक्ति गर्दा एक वर्षभन्दा बढी कैद सजाय भएको मुद्दामा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी नियुक्ति गर्ने व्यवस्था छ । यसले आकस्मिक समयमा आउन सक्ने मुद्दाको समाधान गर्न त्यति सहयोग गर्न सक्दैन ।

नेपाल संघीयताको मोडलमा गइसके पनि देशको कार्यपालिका र व्यवस्थापकीय सबै कामहरू स्थानीय तहबाट हुने तर न्यायिक क्षेत्रमा भने स्थानीय तहले त्यति न्यायिक प्रभावकारिता देखाउन सकेको छैन। यसका लागि संघीयतामा आधारित न्याय प्रणाली लागू गर्न अनिवार्य छ । जसका लागि स्थानीय तहका न्यायिक समितिहरूलाई छुट्टै अधिकार क्षेत्र दिई सामान्य खालका देवानी विवादहरूलाई समाधान गर्ने अधिकार क्षेत्र दिई उक्त मुद्दाको पुनरावेदन सुन्ने अधिकार अनिवार्य रूपमा जिल्ला अदालतलाई दिनुपर्छ भन्ने कुरा न्यायिक क्षेत्रका विद्वानहरूले उठाएको कारण यस कुरालाई पनि एकपटक हेर विचार गरी उपयुक्त ठानेमा लागू गर्न आवश्यक देखिन्छ ।

अन्तमा, यी सबै न्यायिक सुधार गर्ने मूल आधार भनेको नै संविधानसँगै न्यायिक क्षेत्रसँग जोडिएका विभिन्न नीति, नियमहरूको संशोधन वा निर्माण हो । आज नागरिक समाजबाट न्यायमाथि टुटेको विश्वासलाई फेरि फेरि फर्काउन आवश्यक छ। नेपाली समाजको राजनीतिक अस्थिरताको कारक तत्वको रूपमा राजनीतिकलाई मात्र लिने गरिन्छ तर यो बिल्कुलै गलत छ किनकि न्यायपालिकाले नागरिक समाजको न्यायिक पक्षलाई जोड नदिएर राजनीतिकमा लिप्त छ । यसले समाजमा झन् ठूलो वितृष्णा पैदा गरी फेरि विभिन्न आन्दोलनको विजारोपण हुने गर्छ र यसले सामाजिक आर्थिक तथा सांस्कृतिक क्षेत्र देखि समाजलाई झन् ठूलो भयावह स्थिति निम्त्याउने र देशलाई अस्थिरतातर्फ धकेल्न सक्छ । तसर्थ: फेरि आउने दिनहरूमा यस्तो नहुन दिनका लागि कुनै क्षेत्रमा भएका कमीकमजोरी हरूलाई सुधार्न अनिवार्य छ। अहिलेको सबैभन्दा ठूलो राष्ट्रिय बहस भनेको न्यायिक सामाजिक आर्थिक न्यायिक भौतिक तथा पूर्वाधार विकास हो। यी सबै विषयमा सुधार गर्न केही कठिनाइ त छ नै तर न्यायिक क्षेत्रमा अहिलेको नयाँ सरकारले (सत्तापक्षले) केही जोडबल गर्न सक्यो भने सोचेभन्दा पनि छिटो परिणाम निम्त्याउन सकिने देखिन्छ । जुन कुरा अहिलेको नयाँ सदनबाट विश्वास र अपेक्षा गरिएको छ । यसरी दिएको सुझाव अनुसार यो संसदले काम गर्न सक्यो र न्यायपालिकाको संरचनागत सुधार गर्न सक्यो भने यो नयाँ सरकार तथा संसदको एउटा सफल कामको रुपमा हेरिनेछ ।

सन्दर्भ सूची

न्यायपालिकामा बढ्दो चुनौती, मोहन बन्जाडे फागुन १५, २०७५

सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीति योजना सार्वजनिक onlinekhabar.com/2024/07/1510259/the-fifth-five-year-strategic-plan-of-the-judiciary-has-been-released

https://annapumapost.com/story/121528/ नेपालको संविधान, नेपाल कानुन आयोग नयाँ बानेश्वर काठमाडौँ

lawcommission.gov.np/content/13437/nepal-s-constitution/

न्यायदूत, नेपाल बार एसोसिएसन, आइडल प्रेस प्रा.लि बागवजार काठमाडौँ

सोमकान्ता भण्डारी, कार्यविधि कानूनको परिचय, पैरवी बुक हाउस ।



खुल्यो बालमन्दिरको फाइल

बालमन्दिरको जग्गा भाडामा दिएको घोटाला फाइल अनुसन्धानका लागि खुलेको छ । यो फाइल खुल्नासाथ कांग्रेसका लौहपुरूष मानिने गणेशमान सिंहका परिवारजनले मच्चाएको भ्रष्टाचार काण्डको पर्दाफास हुनेभएको छ ।

साथै कमिशन र घूस खुवाएर उद्यमी, व्यापारी भनेर नथाक्ने विशाल ग्रुप पनि तानिने भएको छ । राजतन्त्रले अनाथ बालबालिकाको कल्याणका लागि भनेर स्थापना गरेको बाल मन्दिरको नाम कसरी भ्रष्टाचारीहरूले बदनाम गराएका रहेछन् भन्ने देखिनेछ, प्रजातन्त्रवादी हुँ भन्नेको मुखुण्डो उत्रने छ ।

दमन्ता खनाल स्मृति नारी स्रष्टा सम्मान

हरेक वर्ष प्रदान गरिने नेपाल स्रष्टा समाजले उदयपुरकी मालावती काफ्लेलाई 'दमन्ता खनाल स्मृति नारी स्रष्टा सम्मान' अर्पण गरेको छ। कार्यक्रमका प्रमुख अतिथि साहित्यकार भागिरथी श्रेष्ठ, पुरस्कार संस्थापककातर्फबाट प्रतिनिधित्व गर्ने इन्द्रकुमारी खनाल, समाजका पूर्वअध्यक्ष विधान आचार्य, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले सम्मान अर्पण गर्नुभयो।

ओझेलमा परेका नारी स्रष्टालाई प्रदान गरिंदै आएको यस सम्मानका साथ नगद राशि २० हजार १११ रुपैयाँ रहेको छ। सामाजिक अन्यायविरुद्ध आवाज उठाउँदै आउनु भएकी काफ्लेले भ्याउरे गीत सिर्जना गर्नुहुन्छ। उहाँले संगिनीका माध्यमबाट समाज रुपान्तरणको आवाज अभिव्यक्त गर्दै आउनु भएको छ।

सम्मान ग्रहणपछि मन्तव्य व्यक्त गर्दै मालावती काफ्लेले महिलाहरुलाई दुःख नहोस्, आफूले पढ्न नपाए पनि अरुले पढ्न पाउन, समाजमा कुनै समस्या नहोस् भनेर अहिले पनि आफू समाजसेवामै सक्रिय रहने गरेको सुनाउनु भयो। पितृप्रसादको रूपमा यो सम्मान पाएको भन्दै नेपाल स्रष्टा समाज र पुरस्कार संस्थापकलाई धन्यवाद ज्ञापन गर्नुभयो।

सम्मानित स्रष्टा काफ्लेका बारेमा साहित्यकार विधान आचार्यले विस्तृतमा चर्चा गर्नुभयो। उदयपुरको चुहाडेकी मालावती काफ्ले नारी सशक्तिकरण र महिला उत्थानका लागि पहल गर्ने नारी स्रष्टा भएको उहाँले चर्चा गर्नुभयो।

साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले उपर्युक्त पात्रलाई छनौट गरेको भनेर समाजलाई धन्यवाद तथा सम्मानित व्यक्तित्व मालावती काफ्लेलाई बधाई दिनुभयो।

समाजकी पूर्वमहासचिव तथा गीतकार पुष्पा खनालले यो सम्मान २०७५ सालमा आफ्नी माता दमन्ता खनालको स्मृतिमा स्थापना गर्नु भएको हो। स्वर्गीय माताको जन्मदिन पारेर सम्मान अर्पण गरिएको हो।

कार्यक्रममा गीतकार पुष्पा खनालले रचना गरेको नयाँ गजल 'पिरतीको गीत' को लिरिकल भिडियो पनि लोकार्पण गरियो। कार्यक्रममा सहभागी सोही गजलकी गायिका गंगा सोनामले एक टुक्का गाएर पनि सुनाउनु भयो। यो गजललाई नरेन्द्र प्यासीले संगीतबद्ध गर्नु भएको हो।

परदेशमा रहनुभएकी पुष्पा खनालले भिडियो सन्देशमार्फत सम्मानित स्रष्टा, अतिथि र सहभागीहरूलाई धन्यवाद दिनुभयो।

कार्यक्रम समापन गर्दै समाजका महासचिव तथा सभाध्यक्ष प्रकाश घायलले आफूसहित पुरस्कार संस्थापक पुष्पा खनाल र रञ्जना निरौला सदस्य रहेको समितिले काफ्लेलाई छनौट गरेको जानकारी दिनुभयो। उहाँलाई सम्मान गर्न पाउँदा समाज पनि सम्मानित भएको उहाँले बताउनु भयो।

यो पुरस्कार २०७५ सालबाट नेपाल स्रष्टा समाजको व्यवस्थापनमा शुरुवात भएको गरिएको थियो। यो पुरस्कारबाट हालसम्म सिर्जना शर्मा, इन्द्रा गहतराज, डिक्रा वादी, प्रतिमा पोखेल, निर्मला मुरारी, लता गिरी, यमुना पराजुली, लक्ष्मी तिवारी (तिवारी आमा) र यसपटक मालावती काफ्ले सम्मानित भइसक्नु भएको छ।

समाजका सदस्य शंकर भारतीले अतिथि र सहभागीहरूलाई स्वागत गर्नुभएको कार्यक्रमको सहजीकरण समाजका सदस्य माधव बिडारी चेतनपथले गर्नुभएको थियो। ओझेलमा रहेका प्रतिभालाई यसरी सम्मानित गर्ने नेपाल स्रष्टा समाज धन्यावदको पात्र छ। - *भीमफेदीया*

आज माटो र म कविताकृति लोकार्पण भयो

साहित्यकार डेलचन्द्र शर्माको **'माटो र म'** कविता तथा निबन्ध कृतिको लोकार्पण भएको खबर छ। साहित्यिक पत्रकार संघ तथा मिलाप म्यागजिनको संयुक्त आयोजनामा सामूहिक रूपमा लोकार्पण गरिएको थियो। साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा भएको कार्यक्रममा उपस्थित सबै साहित्यिक मनहरू प्रमुख आमन्त्रितका रूपमा रहेका थिए। आमन्त्रितहरुमा नरेन्द्रबहादुर श्रेष्ठ, प्रा.पुरुषोत्तम दाहाल, चन्द्रमणि गौतम, सूर्य कोइराला, सरु पोखरेल, विष्णु न्यौपाने, कृष्ण भुसाल तथा गीता अधिकारी लगायतको उपस्थिति रहेको थियो।

कवि डेलचन्द्र शर्माको यो पहिलो कृति हो। कार्यक्रममा कवि डेलचन्द्र शर्मालाई सम्मान पनि गरिएको थियो।

कार्यक्रममा अध्यक्ष राधेश्याम लेकालीले कवि डेलचन्द्रलाई बधाई दिंदै उनले अमेरिका बसेर पनि देशप्रति सकारात्मक सोच राख्न सकिंदोरहेछ भन्ने ज्वलन्त उदाहरण **'माटो र म'** भएको बताए। साथै, उनले कविता र निबन्ध छुट्टाछुट्टै कृति हुनुपर्नेमा एउटै बनाउँदा प्राविधिक समस्या पर्ने उल्लेख गरेका थिए।

लोकार्पित कृति **'माटो र म'** माथि सरु पोखरेल तथा चन्द्रमणि गौतमले समीक्षात्मक टिप्पणी गर्दै कवितामा देश प्रेम, पारिवारिक सम्बन्ध र जनजीवनका कुराहरू रहेको बताए। प्रा.पुरुषोत्तम दाहाल, विष्णु न्यौपाने तथा सूर्य कोइरालाले शुभकामना मन्तव्य राख्दै बधाई दिएका थिए। कवि डेलचन्द्र शर्माले लेखकीय मन्तव्य राख्दै पुस्तक प्रकाशन र लोकार्पणका लागि सहयोग पुऱ्याउने सबैमा धन्यवाद ज्ञापन गरे र एउटा कविता वाचन गरेर सुनाएका थिए।

पूर्वराजदूतले खोले बेलायत–नेपाल लेखक संघ

बेलायतका लागि नेपाली पूर्व राजदूत जस्तो जिम्मेवारीमा रहँदा पनि आफ्नो कुटनीतिक कार्यका अलावा नेपाली भाषा, साहित्य, संस्कृति र रितिरिवाज आदि नेपाली पहिचान र परिचय फैलाउने कार्यमा सहभागी भइरहने व्यक्ति हुन् डा. दुवसु क्षेत्री। क्षेत्री नेपाली वाङ्मयका अथक साधक मानिन्छन्, वरिष्ठ साहित्यकारका रुपमा पनि परिचित छन्। वरिष्ठ साहित्यकार डा.दुवसु क्षेत्रीले आफ्नै नेतृत्वमा वेलायत-नेपाल लेखक संघ गठन गरेका छन्। राजदूतका रुपमा दुवसु कति सफल भए भएनन्, त्यो परराष्ट्रविदहरुले मूल्याङ्कन गर्लान्, लेखक संघबाट उनले देशलाई के दिनेछन्, त्यो भने साहित्यिक क्षेत्रले नियाली रहेको अनुभूति हुनयालेको छ।

ड्रिम लभर

-नियान्दा

अरूणबहादुर खत्री

नेपाली उपन्यासको फाँटमा ध्रुव खनाल देखापरेका छन्। उनको ड्रिम लभर नामको औपन्यासिक कृति हो। धेरैले पढ्न रुचाउँछन् उपन्यास। धेरैले पढ्न रुचाउने विधा भएकाले केही वर्ष यता धुप्रै औपन्यासिक कृतिहरु प्रकाशित भएका छन्। साहित्यको बजार नै उपन्यासले तताएको छ भन्दा पनि अत्युक्ति नहोला। यसो भन्नुको आशय यो हैन कि अन्य विधाले हामीलाई तताएका छैनन्। लेखकहरु उपन्यास लेख्न रुचाएका छन्। यस उपन्यासमा प्रयोग भएको शैली नौलो र रोचक छ। भाषामा मीठास छ। उपन्यासलाई सत्र भागमा विभाजन गरिएका छन्। भाग एकमा जीवन राम्रो भनेर जूनजस्तो राम्रो होइन। नराम्रो भनेर बादलजस्तो पनि छैन। बरु म त बेरुलै बैजनी दुनियाँमा छु। जिन्दगीको एउटा फरक मञ्चमा छु भनिएको छ। भाग तीनमा तिमी आफैं हराएर प्रेम खोज्न हिंडेछौ। धेरै भावुक नबन। सुकाऊ तिम्रा आँखाका आँसुहरु। अनि हाँस यथार्थ जिन्दगीका अनुभूतिहरुमा विपनाले भनेकी छिन्।

यस उपन्यासको भाग चारमा म्यानेजरको विदाइ पार्टीमा सहभागी भएर अफिसबाट घर फर्किंदा मलाई पुऱ्याउन अफिसको निजी कार लिएर ड्राइभर दाइ आए। गाडीमा फर्कंदा बाटामा एउटा रुखमुनि सपनालाई रोइरहेको देखे। आँखाअगाडि दिनको सपना रातको सपना मात्र नभई मुटुमा बसेको जिन्दगीको सपना रोइरहेको देखेर मैले ड्राइभरलाई गाडी रोक्न भने। ड्राइभरले गाडी रोके। म गाडीबाट ओर्लेर सपनाछेउ पुगे भनिएको छ।

यस उपन्यासको भाग सातमा जुन घरमा चुहिने छानो छ त्यही परिआएको सहयोग गरेर धुरी छाइदिनु प्रेम हो। जुन घरको भकारी रित्तै छ अथवा चुल्होमा एकछाक अन्न र सब्जी छैन त्यो घरमा सहायता गरेर भोजन गर्न सक्ने वातावरण सिर्जना गर्न सक्नु प्रेम हो भनेर लेखिएको छ। जुन अनाथलाई सहारा चाहिएको छ उसलाई दया, माया र सहानुभूति देखाउन सक्नु साँचो प्रेम हो। उपन्यासको भाग नौ मा उपन्यासकार खनाल आफ्नो खुशी र भविष्यको लक्ष्यतर्फ हिँडिरहेका थिएँ। आफ्नो जीवनको चाहेजस्तो नक्सा बनाउन नसके पनि घरचाहिं चाहेजस्तो बनाउने विचार उनमा आयो। इञ्जिनियरलाई भनेर उनले घरको नक्सा बनाउन लगाएँ। पर्याप्त छलफल र सरसल्लाहपछि नक्सा तयार भएको छ।

उपन्यासको भाग एघारमा सपनामा देखेका यादहरु सपनाकै मुटु लिएर विपनामा लेखिसक्नुपर्दो रहेछ। त्यसो भयो भने मात्रै विपनामा जिन्दगीको यथार्थ बाटो बन्दो रहेछ। मैले कस्तो छु भनेर आफैंले आफैंलाई ऐनाअगाडि हेरे भनेर खनालले लेखेका छन्। तर उनले ऐनामा आफ्नो आकृति नै देखेनन्। भाग चौधमा सपनाको कुराले म झल्याँस्स होशमा आएजस्तो भएँ। के भयो के भयो मलाई नै थाहा भएन भनिएको छ।

समग्रमा यो उपन्यास राम्रै छ। लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाटी अठ्याएपछि अन्त्यसम्मको निरन्तरता हो। यो विशेषता थोरै मात्र साहित्यकारमा पाइन्छ। प्रायः साहित्यकारहरुले कथा वस्तुलाई घुमाएर वा सान्दर्भिक भन्दा भिन्न कुरा लेखेर पुस्तकको पृष्ठ बढाउनमा केन्द्रित भएका हुन्छन्। उपन्यासका शब्दहरु सरल, सहज र अत्यन्त व्यवहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन्। उपन्यासका सकारात्मक पात्र जो उपन्यासमा समेटिएका छन् ती शुरुदेखि अन्तसम्म कौतुहलता जन्माउन सफल मात्र नभएर एउटा पात्रले अर्को पात्र सामु सानो भएकाले मर्यादाका सुकुमार शब्दहरु पस्केर आदरपूर्वक सम्मान दर्शाउनु अर्को सफल पक्ष मान्न सकिन्छ। भाषा सरल र स्पष्टता रोचक शैलीले यो उपन्यास निकै राम्रो मान्नैपर्छ।

यो उपन्यासभित्र एउटा आश्चर्यानुभूति छ। मूल पात्रलाई त्यो अनुभूति कहिले वास्तविक लाग्छ त कहिले रहस्यमय भ्रम। भ्रम भोग्नेलाई भ्रम नि सत्य नै लाग्छ तर सुन्नेलाई अनौठो र अविश्वसनीय। उपन्यासको भाग सोह्रमा आफ्नो घरमा आइपुग्दा घर रित्तो भए पनि गुँड लगाइबसेका गौंथलीहरु औठी रमाएका छन्। चराचुरुङ्गी पनि मानिसको सहारा खोज्दा रहेछन्। मीठो आवाजमा उड्दै रमाएर फन्को लगाउन थालेका छन्।

यस उपन्यासको अन्त्यमा घरमा गौंथली नाचिरहेको दृश्यले निहारिका भनै खुशी भइन्। उनले मलाई सुटुक्क भनिन् हजुरलाई एउटा कुरा थाहा छ ? विदेसिनुअघि मलाई घरमा बोलाउने नाम गौंथली नै थियो नि भनिएको छ। अन्त्यमा उपन्यासकार खनालले लेखेको ड्रिम लभर नामक उपन्यास सबैले पढिदिनु होला भन्ने अपेक्षा राख्दछु।

पुस्तकः ड्रिम लभर (उपन्यास) लेखकः ध्रुव खनाल
प्रकाशकः इटर्नल पब्लिकेसन प्रा.लि. संस्करणः पहिलो वि.सं.२०८१ मूल्यः २००।-

मुक्तक लेख्ने प्रयासहरू

हामी बिच खास सम्बन्धको नाता हुनुपर्छ
मेरो भाग्य बदल्न सक्ने त्यो दाता हुनुपर्छ
समय र परिस्थिति जस्तोसुकै आएपनि
तिम्रो मनमा मेरो नामको खाता हुनुपर्छ।

- सरस्वती थपलिया

नरिसाउन मसँग आज अलिकति त पिएको छु
ध्वजा ध्वजा भएको मन भट्टी पसेर सिएको छु
आफैंले त मार्दा रहेछन् पटक पटक चोट दिंदै
प्यालासँगै दुःख साट्दै जसोतसो दिएको छु।

- इन्दिरा देवकोटा

कसैलाई लाग्छ प्रजातन्त्र धरापमा छ
कसैलाई लाग्छ गणतन्त्र धरापमा छ
ए हजुर ! राजनीतिको चश्मा फ्याँकेर
हेर्नुहोस् हाम्रो राष्ट्र नेपाल धरापमा छ।

- कृष्णबहादुर थापा

जमिन हेरेर हाँगो समाउन सिके
मन मुटु छामेर हक जमाउन सिके
सहज अर्थपूर्ण जिवन जिउनलाई
जहा म छु जस्तो छु रमाउन सिके !

- गंगा दहाल

जनताको ओठमा हाँसो मनमा आस थपिएको छ
चुनाव पश्चात् अपत्यारिलो तर खास थपिएको छ
भरिदैंछन् जेल अपराधी र भ्रष्टाचारीले आजभोली
हुन्छ परिवर्तन भन्ने जनतामाविश्वास थपिएको छ

- अर्जुन अधिकारी

चस्स दुख्दा मुटु किन बोल्न सकेन
नयनको अश्रुले पिरोल्न सकेन
यो दिल किन कोमल हुन्छ यत्ति
अधरको मुस्कान बिथोल्न सकेन।

- अनुराधा शर्मा

न त कसैले किलोमा सजाउँछ अब त
न त कसैले पर्वमा बजाउँछ अब त
खरी झरेको मादल जस्तै भो जिन्दगी
सुकीर्ति छ भन्न पनि लजाउँछ अब त।

- अरुण कुमार भुजेल

नया आयाम बसन्तको आउदैछ हेर
प्रकृतिमा हरियाली छाउदैछ हेर
कोइलीले गला तिखार्दैछ मौका छोपी
तिनले मधुर स्वरमा गाउदै छ हेर।

- गंगा लिगल

धनभन्दा स्वस्थ जीवन

पारस भट्ट प्यासी, बैतडी -

धन होइन, स्वस्थ जीवन नै सबैभन्दा ठूलो सम्पत्ति हो --

अरुले कति कमायो, के खायो, कस्तो लगायो भनेर चियोचर्चा गर्दै आफ्नो समय र दिमाग खेर नफालौं। बरु हामी आफैं कति कमाइरहेका छौं र आफ्नो जीवनलाई कसरी सुखमय बनाउन सक्छौं भन्नेमा ध्यान दिऔं।

हामी आफ्नो कर्म र धर्ममा अडिग रहौं, आफ्नै कमाइ र आफ्नो स्तरमा रमाउन सिकौं। धेरै कमाउनु वा थोरै कमाउनु व्यक्तिको क्षमता, मेहनत र बुद्धिमा भर पर्छ जति कमाए पनि अन्ततः खानु त्यही भात, रोटी त्यही नुन तरकारी नै हो धन पैसा सुन कसैले खादैन। त्यसैले अरूसंग तुलना गरेर आफूलाई कमजोर बनाउनु हुँदैन। सबैभन्दा ठूलो कुरा स्वस्थ जीवन हो। सरलता हो।

स्वस्थ र सुखी रहनु नै सबैभन्दा ठूलो सम्पत्ति हो। धन-सम्पत्ति त केवल जीवन चलाउने आधार मात्र हो। मानिसले जति कमाउँछ, त्यसको सानो अंश मात्र जीवनमा प्रयोग हुन्छ, बाँकी त यही संसारमै छोडेर जानुपर्छ। त्यसैले छोडेर जाने सम्पत्तिका लागि गलत बाटो रोज्नु हुँदैन। बरु कम कमाउ, तर इमानदार भएर, मेहनत गरेर राम्रो तरिकाले कमाउ। आज सामाजिक सञ्जालमा धेरै व्यक्तिहरूको सम्पत्ति सार्वजनिक भएको देखे प्रवृत्ति पनि, जुन आवश्यक छैन। यदि कसैले गलत तरिकाले धन कमाएको शंका छ भने कानुनी रूपमा अनुसन्धान गरिनुपर्छ र दोषी ठहर भएमा कारवाही हुनु पर्छ र उसको पैसा सरकारले जफत गर्नुपर्छ। तर कसैको घर, गाडी वा गहनाको आधारमा उसको सम्पत्ति सार्वजनिक गर्नु उचित होइन। धेरै धन हुनु पाप होइन, नहुनु पनि पाप होइन।

तर कसैको व्यक्तिगत सम्पत्ति सार्वजनिक गरेर उसको मान-प्रतिष्ठामा आँच पुऱ्याउनु भने गलत कार्य हो। यो पृथ्वीमा अनेक स्वभावकाव मान्छेले जन्म लिइएको छ, भोलिको दिनमा यसरी सम्पत्ती सार्वजनिक भएका व्यक्तीको घर परिवार माथी कसैले चोरी डकैती आक्रमणका घटना भए को जिम्मेवार हुन्छ ? सम्पत्ति छानबिन भए पनि गोप्य रहनुपर्छ। गलत काम गरेर भ्रष्टाचार गरेर अथवा ठगी गरेर कमाएको प्रमाण पाएमा कार्वाही गर्नुपर्छ ! मैले जे भन्दै आएको थिएँ, आज समाजमा त्यही मुद्दा अहं बनेर उठेको देखिन्छ।

सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

सम्पादकीय

को हुकुम्बासी, को सुकुम्बासी ?

नदी किनारका सुकुमवासी बस्ती खाली गराउन खोज्दा देशैभरि सनसनी फैलिएको छ। देशैभरिका सुकुमवासीलाई भड्काउने राजनीतिक तत्वहरु सकृय भएका छन्। बालेन्द्र सरकार भन्ड- अतिक्रमणकारी र सुकुमवासी छुट्याइनेछ, सुकुमवासीलाई लालपूर्जासहितको जग्गा दिएर सदाका लागि सुकुमवासी समस्या समाधान गरिनेछ। तर सुकुमवासीका नाममा अतिक्रमण गरेर बसेका हुकुमवासीहरु बालेन सरकारको उग्र विरोध गरिरहेका छन्। थापाथलीको बागमती किनारमा बस्ती खाली गराउन महानगर सकृय भएपछि सुकुमवासी बस्तीमा दुई धारणा देखिएका छन्। जो वास्तविक सुकुमवासी हुन्, हामीलाई स्थायी बास दिनु राम्रो काम हो। हुकुमवासी भन्छन्- हामीले चारदशकदेखि बस्दै आएको ठाउँ छोड्दैनौं। यसैबीच सरकारले सुकुमवासी र हुकुमवासी छुट्याउन थालेको छ। जो थापाथली सुकुमवासी बस्तीका नेता थिए, उनी पक्राउ परेका छन्, उनको काठमाडौंमै १६ कोठाको घरसमेत रहेछ। एकजना पथलैयाका बृद्धले बताए- मेरो मार्वल हालेको घर छ, छोरो यतै बस्यो, किनेर बसेकाले यतै बसेको हुँ, अब घर फर्कन्छु। धेरै हुकुमवासीहरु बिस्तारै सुकुमवासी बस्ती छोडन थालेका छन्। सुकुमवासीहरु स्थायी बसोबास सरकारले गरिदेओस् भन्ने आवाज उठाइरहेका छन्। महानगरले होटल, लजमा राख्ने र १५ दिनमा सुकुमवासी छुट्याएर व्यवस्था मिलाउने भनिरहेको छ। कांग्रेस, एमाले, नेकपाका ठूला नेताले मुख नखोले पनि ती पार्टीका थर्ड ग्रेडका नेताहरु सुकुमवासी उचाल्न थालेका छन्। सार्वजनिक जग्गा अतिक्रमण गरेर घर बनाउने र भाडामा लगाएर खाइपाइ आएका दलालहरु जो हुकुमवासी हुन्, तिनीहरु सरकारसँग खुबै रिसाएका छन्।

प्रधानमन्त्री बालेन साह र रास्वपा सभापति रवि लामिछानेविरुद्ध आगो ओकल्नेहरुले सुकुमवासी बस्तीमा विद्रोह गर्ने प्रयास गरिरहँदा प्रधानमन्त्री बालेन साहले सामाजिक सञ्जालबाट स्पष्ट पारेका छन्- 'देशभरका वास्तविक सुकुमवासीका लागि प्रक्रिया पुऱ्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं। वर्षौं पुरानो यो समस्याको स्थायी समाधान यो सरकारले गर्नेछ।'

मुख्य सवाल आमनागरिकमा सरकार छ भन्ने अनुभूति हुनुपर्छ। यो जनताको सरकार हो भन्ने विश्वास हुनुपर्छ। यो विश्वास बालेन्द्र साहको सरकारप्रति अभूतपूर्व रुपमा देखिएको छ। देशैभरिका सुकुमवासीले अब आफ्नै नाममा जग्गा पाउनेछन्। सरकारले नदी किनारका सुकुमवासी बस्तीलाई व्यवस्थापन गरिँदियो भने अतिवर्षाका बेलामा बाढीको चपेटामा पर्ने र तिनको उद्धार पनि सरकारले नै गर्नुपर्ने स्थिति सदाका लागि समाधान हुनेछ। सधैंको समस्या र दुर्घटना आउनुभन्दा अघि नै त्यसबारे सोच्न उपयुक्त ठानेर सरकारले काम नदी किनारमा रहेका सुकुमवासी बस्ती हटाउन लागेको सरकारको भनाइ छ। बालेन्द्र सरकारले बैशाख १२ गते देखि सुकुमवासीहरुलाइ बस्ती खाली गर्न आग्रह गरेको हो। केही अबुझहरु विकल्प नपाइ नहट्ने अड्डी कसेर बस्नेहरु पनि छन्। नारायण परिश्रमीजस्ता सुकुमवासी बस्तीलाई राजनीतिक भोट बैंक बनाउने र लाभ लिनेहरुको ओठमुख सुकेको छ। वास्तविक सुकमवासीले सरकारलाई पत्याएकाले हुकुमवासीहरु आत्तिन पुगेका छन्। हुकुमवासी जसको अन्यत्र जग्गाजमीन छ, तिनीहरुमाथि कडा रुपमा प्रस्तुत हुने बालेन्द्र सरकारको तैयारीले छिटै हुकमवासी र सुकुमवासी छुट्टिनेछन्। स्मरणीय छ, भूमिसम्बन्धी ऐन २०२० र राष्ट्रिय भूमि आयोगको कार्यविधिले नदी तथा खोला किनार, सडकको राइट-अफ-वे, वन क्षेत्र, पुरातात्त्विक वा धार्मिक महत्त्वका स्थल, हाइटेन्सन लाइन मुनिको क्षेत्र र प्राकृतिक जोखिमयुक्त स्थानमा रहेकालाई सोही ठाउँमा जग्गा दिन नमिल्ने व्यवस्था गरेको छ।

जेनजी पुस्ताको अर्जुनदृष्टिको सर्वत्र प्रशंसा

प्रधानमन्त्री बालेन साह र रास्वपा पार्टी के गर्न खोज्दैछ, के के गर्नेछ र यो सफल हुन्छ कि हुन्न ? यतिबेला देशैभरि बहस चलिरहेको छ, विदेशमा समेत चर्चा बटुल्न सफल प्रम बालेन साह र रास्वपा पार्टीबारे चासो बढेको छ।

प्रमुख विषय सेवाग्राहीलाई सुविधा, सुशासन, समानता, अवसर र न्यायको प्रत्याभूति हो। यसका लागि कम बोल्ने र नतिजा दिने गरी प्रम बालेन साहले काम गरिरहेका छन् र रास्वपाले बालेन साहलाई साथ दिइरहेको देखिन्छ।

प्रम बालेन साहको प्रमुख कामहरुमा शासकीय सुधार गर्दै सरल सेवा विस्तार गर्नका लागि सबै मन्त्रालयलाई ७ दिनभित्र १० प्रमुख कार्यसूची तयार गर्ने र मासिक प्रगति रिपोर्ट पेस गर्ने व्यवस्था गर्न आदेश दिइएको छ, सबै मन्त्रीहरुले नतिजामुखी, मापनयोग्य र जवाफदेही शासन प्रणालीको जग बसाल्दैछन्।

प्रशासनिक पारदर्शितामा प्रम बालेन साह सचेत छन्। मन्त्रालयहरूको संख्या घटाए, बिबादितलाई पन्छाए, अनावश्यक खर्च कटौती गर्दै अधिकाधिक जनअपेक्षा पूरा गर्न कम्मर कसेर लागेका छन्।

डिजिटल माध्यमबाट "फेसलेस" सेवा लागू गर्ने–नागरिक र कर्मचारीबीच प्रत्यक्ष सम्पर्क घटाएर भ्रष्टाचार नियन्त्रण गर्न सरकार कटिबद्ध देखिन्छ। भ्रष्टाचारको अन्तगर्न शून्य सहनशीलता नीति अपनाउँदै दलिय कर्मचारी संगठन खारेज गर्ने र सरकारी निकायलाई राजनीतिक प्रभावबाट मुक्त बनाउने प्रयास गर्दैछन्। स्कूल, कलेज, विश्वविद्यालयमा विद्यार्थीले पढ्ने वातावरण बनाउने उनको लक्ष्यमा खासै बाधा देखिदैन।

बालेन सरकारको विशेषता जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणमा देखिएको सकृयता विशेष छ। २०४८ साल यताका उच्च पदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न आयोग गठन गर्ने विषय छ, ०६३ देखि ०८२ सम्म पदासीन सबैको सम्पत्ति छानबिन आयोग गठन भएर काम सुरु भइसकेको छ। जेनजी आन्दोलनमा भएका राज्यदमनविरुद्धको गौरी बहादुर कार्की नेतृत्वको आयोगको सिफारिस र रिपोर्ट कार्यान्वयन थालिसकेका छन्।

बालेन सरकारले नागरिकमैत्री सुधारलाई प्राथमिकता दिएका छन्। हेलो सरकारमा आएका गुनासा ७ दिनभित्र सम्बोधन गर्ने व्यवस्था मिलाएका छन्। नागरिकता, लाइसेन्स, पासपोर्ट घरघरमै पुऱ्याउने, कुनै झण्झट झेल्नु नपर्ने व्यवस्था सरकारले मिलाएको छ।

कर्मचारी प्रशासनको सुधारमा कडा नीति लिएको सरकारले नतिजामुखी जनतापति जिम्मेवार शासनको सुरुआतलाई प्रशंसा गरिएको छ। दुर्गममा समेत सरकार छ भन्ने अनुभूति दिलाउने कार्यको थालनी भएको छ, तथापि पुराना दलहरु, भ्रष्ट कर्मचारी र विचौलियाहरुले सरकारलाई असफल पार्ने प्रयत्न गर्ने देखिन्छ। हालसम्मको जेनजी सरकारको कुयाकलापले उल्लेखनीय परिवर्तनको संकेत देखिन्छ। समाज सुधार र परिवर्तनकै लागि जेनजी पुस्ताले विद्रोह गरेका थिए। जेनजी पुस्ताले परिवर्तन खोजे, जनताले परिवर्तन रोजे। रोज्जा परिवर्तन आएको छ, यो परिवर्तन झिकिदे गाँडभन्दा थपिदे गाँडजस्तो नहोस्। अनुभव नहोला, कमजोरी देखिएला, समयले परिपक्व बन्ने अवसर दिएकै छ। अब पनि केटाकेटी आए-गुलेली खेलाए गए, मट्याइग्राको सत्यानास भन्ने उखान जस्तो परिस्थिति आयो भने नेपालको अस्तित्व कसैले पनि बचाउन सक्नेछैन। नेपाल र नेपालीत्व बचाउने भार जेनजी पुस्ताले बोक्न खोजे, जनताले बोकाइदिए। जेनजी पुस्ताका सामु कि गर, कि मर ? को बाध्यकारी राजनीतिक परिस्थितिको सिर्जना भएको छ। काम गर्दैछन्।

पञ्चायत फालेर शान्ति, समृद्धि, सुशासन, समानता आउँछ, अँध्यारो हट्छ, झलमल्ल उज्यालो हुन्छ भन्ने नेताहरुको आश्वासनमा विश्वास गरेर ०४६ सालमा बहुदल ल्याइयो। केही प्राप्त भएन। बोल्ने हक पाइयो, खुब बोलियो, कतै सुनवाई भएन। काग कराउँदैछ, पिना सुक्दैछ भन्ने उखान चरितार्थ भयो।

जनयुद्धकारी र प्रजातन्त्रवादीले हातमा हात मिलाए, काँधमा काँध मिलाएर भने समस्याको जड राजतन्त्र हो। राजतन्त्र फालेपछि शान्ति, समृद्धि, सुशासन, समानता सबै आउँछ भनेर फेरि गुलछर्रा उडाइयो। २०६५ सालमा राजतन्त्र फालियो, ८ वर्ष लगाएर लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी गरियो। ०७४ र ०७९ मा दुईपल्ट आवधिक चुनाव भयो। दुबै चुनावले न शान्ति दियो, न समृद्धि ल्यायो, सुशासनको नाममा भ्रष्टाचार बढ्यो, समानताको नाममा विभेद, निषेध र प्रतिषोध साधियो। जसले संविधान लेखे, संविधान जारी गरे, संविधानअनुसार धर्मनिरपेक्षता, संघीयता लागू गरे, तिनैले संविधान असफल पारिदिए। असफ भए।

परिणाम, २०८२ भदौ २३ र २४ गते जेनजी पुस्ताले विद्रोह गर्नुपऱ्यो। जेनजी जब सडकमा निस्किए लोकतान्त्रिक गणतन्त्रको सरकारले नरसंहार मच्चायो, बालबालिकाको रगत पियो। अझै अस्पतालहरुमा २९ जनाको शव छ, ती सब कसको हो, कहाँका लालाबाला हुन् ती पत्ता लगाउन सकिएको छैन। ७६ भन्दा बढीको ज्यान र सयौंको अंगभंगपछि असफल संविधान ढल्यो, असफल नेताहरु भागेर लुक्न बाध्य भए। जेनजी विद्रोहको कारणले बनेको अन्तरिम सरकारले फागुन २१ को चुनाव गरायो, चुनावमा जनताले मौन, मतपत्र विद्रोह गरे, पुराना नेता र दलहरु सफाचट भए। जेनजी पुस्ताका एक से एक युवाहरुले चुनाव जितेर बालेन नेतृत्वमा सरकार बनाएका छन्।

बालेन साहले नेपोटिजममा शिर झुकाएका मन्त्री दीपक साहलाई १३ दिनमा हटाइदिए। गृहमन्त्री सुधन गुरुङमाथि सम्पत्ति लुकाएको र भ्रष्टहरुसँग जोडिएको आरोपमा प्रतिपक्षीले प्रश्न उठाएपछि २६ दिनमै हटाइदिएका छन्। मेयर हुँदा वा प्रधानमन्त्रीमा पुग्दा बालेन साह कुनै पनि

भ्रष्टाचारको मुद्दामा मुछिएका छैनन्। कम बोल्ने वा बोल्दै नबोली काममात्र गर्ने कारणले नै बालेन साह विश्वका प्रभावशाली नेताहरुको सूचीमा दर्ज भएका छन्। अब महिनाको एक दिन एक घण्टा प्रधानमन्त्रीसँग सांसदले प्रश्न सोध्न सक्ने र संसदमा प्रम बालेन साहले जवाफ दिनुपर्ने नीति तय गरिएको छ। अब भने महिनाको एकदिन प्रम बालेन साह बोलेको सुन्न पाइने भएको छ।

बालेनभित्र सन्तोष छ कि असन्तोष अनुमान गर्न कठिन छ। इतिहास भन्छ- के थिएन, बेलायतकी राजकुमारी डायनाको जीवन दुःखमै बित्यो। बैज्ञानिक आइन्स्टाइन यहूदी भएकै कारण लखेटिनुपऱ्यो। नेपालका राजा महेन्द्रले षडयन्त्रपूर्वक मारिनुपऱ्यो। २०५८ सालमा देशभक्त भएकै कारण राजा वीरेन्द्रको वंश विनाश भयो। बालेन साह देशको अनुहार फेर्छु, जनतालाई समानताको सुख दिन्छु भनेर सत्तामा पुगेका छन्। निर्वाचनमा रवि र बालेनको अंकमालको आँधीले न कांग्रेस कांग्रेसको हैसियतमा रह्यो, न एमाले वा नेकपाले हैसियत बचाउन सके। बालेन र रविको अंकमालका सामु होचा पुड्का समूहजस्ता देखिन पुगे ३७ वर्षदेखि राज गरेका नेता, पार्टीहरु। राजनीतिबाट हराउन थाले।

राजनीतिक हावा विपरित दिशामा बहेको छ, प्रतिकूल परिवेशलाई अनुकूल बनाएर जमिन टेक्न, अडिन र उभिन सक्नु राजनीतिको सफलता हो। तर कांग्रेसभित्र नेतृत्वको झगडा सुल्झिएको छैन। एमालेका अध्यक्ष केपी ओलीलाई पार्टीबाट पन्छाउने झगडा सुरु भएको छ। नेकपाका अध्यक्ष पुचण्डले नेतृत्वप्रति आलोचना गर्नेहरुलाई पार्टी छोडेर गए हुन्छ भन्ने फर्मान जारी गरिसके। राप्रपा, मधेसी दलहरु मरीच चाउरिएझैं चाउरिएका छन्।

हो, तनाव र समस्या विश्वभरि नै छ। विश्वयुद्ध हुन्छ कि भन्ने तनावमा छ विश्वसमुदाय। नेपाल त गरीब छ, साधनस्रोतको अभाव छ, जुन पद्धति चलेको थियो, चलाउनेहरु विदेशपरस्त भइदिनाले अस्तित्वको संकटमा गुज्रनु परेको छ। यही स्वराज बचाउन, अस्तित्व टिकाउन र वीरभूमिको गौरवगाथा टिकाउन राजनीतिक परिवर्तन भएको छ। मान्छे विवेकशील हुनाले नै बाँदर होइन। मान्छेले सभ्यता बनायो, हुनसम्मको आविष्कार भएका छन्। तथापि कतिपय मान्छे जो निर्णायक छन्, संचेतन छन्, विचारक छन्, तिनीहरुले विवेक गुमाउनाले नेपाल प्रकृति, धर्मसंष्कृति, परम्पराको धनी भए पनि राजनीति अपराधशाला बनाइँदा नेपाल दुर्गतिको दलदलमा भासिन पुग्यो।

मान्छे विवेकशील प्राणी भए पनि उसमा सत्ता, शक्तिले मताउँदा घमण्ड बढ्छ। घमण्ड भनेको सुन्निएर मोटाउनुजस्तै हो। घमण्डले कुनै न कुनै मोडमा नोज डाइभ गराउँछ। यो स्थिति भनेको मान्छे जतिसुकै शक्तिशाली भए पनि दरिद्रपन हो। घमण्डले औंसीको रात चिरेर उज्यालो दिन सक्दैन। प्रकृति हो, विहान त हुन्छ, तर घमण्डी घमण्डकै अँध्यारोमा हराउँछ। समयमै जो सजग छ, ऊ अमर हुन्छ, जो घमण्डमा छ, ऊ कलंकित हुन्छ। पानी पोखिनु र घमण्डीको शेखी पोखिनु उस्तै हो, उठाउन सकिदैन। खोटा सिक्का राजनीतिमा उदाउँदै अस्ताउँदै गए। खोटाहरु बदनाम पात्र हुन्, घृणित भएर बाँच्छन्, मर्छन र घृणित भइरहन्छन्।

राजनीति त घामजस्तो हुनुपर्छ। प्रकृति विभेदकारी छैन। सबैका लागि समान। राजनीति धर्मिलिदा समाज, देश धर्मिलिने हो। नेपालले भोगेको धर्मिलोपन र नेपालीको मनको अमिलोपन धमिलो राजनीतिको दोष हो। सूर्य पूर्वबाटै उदाउँछ, राजनीति गर्नेले पूर्वको कुरा गर्छन्, स्वार्थमा लुटपुटिन्छन्। राजनीतिको अपराधिकरणकै कारण धेरै नेता सखाप भएका छन्, कैयौं देश समाप्त भएका छन्। इतिहासबाट सचेत हुनु बेश।

नेपालको राजनीतिक इतिहास खुकुरीको इतिहास हो। खुकुरीले निर्माण पछि सत्ता राजनीतिका अनेक उतारचढाव छन्, रक्तपातका कथाहरु छन्। २००७ सालको राणा शासनको अन्त, २०१७ सालको घटना, ०३६ सालको जनमत संग्रहपछि २०४६ सालमा बहुदलको पुनर्स्थापनापछि वास्तवमा प्रजातान्त्रिक नेपालको नयाँ श्रृङ्खला सुरु भएको हो। यसमा पनि १० वर्षे जनयुद्धले १७ हजारको ज्यानको खली खायो। अन्ततः २०६३ साल आयो, राजतन्त्र फालियो र लोकतान्त्रिक गणतन्त्र सुरु भयो। यति ठूलो परिवर्तनले पनि प्रजातान्त्रिक संस्कार र संस्कृति, संसदीय सभ्यता स्थापित गर्न सकेन। रक्तपात भइरह्यो र गतवर्षको भदौ २३ र २४ गते लोकतान्त्रिक गणतन्त्र आवरणको घमण्डी स्वार्थी, अपराधिक र भ्रष्ट सत्ताले ७६ बढी जेनजी पुस्ताको ज्यान लियो। यसपछि फैलिएको जनआक्रोशले फेरि परिवर्तन ल्यायो। यही परिवर्तनको नाम हो- बालेन नेतृत्वको सरकार।

जनजनको आशा र अपेक्षा छ- शान्ति, समृद्धि, सुशासन, समानता। अब रक्तपातपूर्ण प्रतिस्पर्धाको अन्त्य हुनुपर्छ, संसदीयताको अँध्यारो हट्नुपर्छ। बुढापुरानले सकेनन्, गरेनन् भनेर जनताले जेनजी पुस्ता रोजेका हुन्, परिवर्तनको उज्यालो नयाँ पुस्ताले पनि दिन सकेनन् भने कसले दिन्छ ? यो जिम्मेवारी जेनजी पुस्ताले बिर्सनु हुन्न, समयले दिएको जिम्मेवारी पूरा गर्नुपर्छ।

प्रम बालेन्द्रको भारत भ्रमण र सम्भावनाहरू

डा. केशव देवकोटा

नेपालका प्रधानमन्त्री बालेन्द्र शाहको पहिलो विदेश भ्रमण भारतबाटै शुरूहुने र संभवत यसै महिना हुने चर्चाहरू हुनथालेका छन् । गत चैत १३ गते प्रधानमन्त्रि पदमा नियुक्त भएलगत्तै भारतीय प्रधानमन्त्रि नरेन्द्र मोदीले दिनुभएको बधाइ सन्देशमै भारत भ्रमणको निम्ता आएको र बालेन्द्रले स्वीकार गरेको पनि प्रचार गरिएको छ । हालै भएको परराष्ट्र मन्त्रालयको एक पत्रकार सम्मेलनमा पनि प्रधानमन्त्रिको भारत भ्रमणको प्रशंग उठाइएकाले सो भ्रमणको बिषयलाई लिएर बिभिन्न चर्चाहरू हुने गरेका हुन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणमा बालेन्द्रको भारत भ्रमणको तयारी दुवै देशले गरिरहेको भनिए पनि भ्रमणको मिति समेत अझै तयभएको छैन । त्यसैले एजेन्डा तयार हुने कुरा भएन । नेपालका परराष्ट्रमन्त्री शिशिर खनाले आफ्नो मौरिसस भ्रमणकाक्रममा भारतीय विदेशमन्त्रि एस जयशंकरसँगको भेटमासमेत प्रम बालेन्द्रको भारत भ्रमणको कुरा उठाउनु भएको भनिएको थियो । त्यसलगत्तै भारतका विदेश सचिव विक्रम मिश्री औपचारिक निमन्त्रणा लिएर नेपाल आउने र नेपालमा प्रधानमन्त्रिको भारत भ्रमणको आवश्यक प्रबन्ध हुने भनिएको थियो । तर त्यस समयमा नेपालमा भारतका विदेश सचिवको नभएर अमेरिकी सहायक विदेशमन्त्री एस. पाउल कपुरको भ्रमण भएको थियो । फेरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दक्षिण तथा मध्यएशियाली मामिलाका विशेष दूत सर्जियो गोर संभवत यसैसाता नेपाल भ्रमणमा आउने समाचारहरू बाहिर आएका छन् । काठमाडौं बसाइकाक्रममा उहाँले यहाँका प्रधानमन्त्रि सहित उच्चस्तरीय भेटवार्तागर्ने कार्यक्रम रहेको भनिएको छ । यसअघि सहायक विदेशमन्त्री कपुरले सरकारीस्तरमा परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री स्वर्णीम वाग्लेसँगमात्र भेटवार्ता गर्नुभएको थियो । अब आउने विशेष दूत गोरलेभने प्रधानमन्त्री बालेन्द्र शाहसँग पनि भेटगर्ने कार्यक्रम रहेको भनिएकाले सो वार्तालाई हेरेरमात्र भारतले मिति तयगर्न सक्ने संभावना छ । त्यसैगरी छिमेकी चिनियाँ पक्षले पनि नेपालको वर्तमान सरकारका गतिबिधिप्रति अत्यधिक चासो बढाएको देखिएको छ ।

भारतीय प्रधानमन्त्रि मोदीले बालेन्द्र नेपालको प्रधानमन्त्रीमा निर्वाचित भएलगत्तै बधाईदिँदै नयाँ सरकारसँग सहकार्यगर्न इच्छुक रहेको बताउनुभएको थियोभने त्यसको केही दिनपछि प्रम बालेन्द्रले पनि एक सार्वजनिक बक्तव्यमार्फत आफू भारत र पाकिस्तानसँग सहकार्य गर्न इच्छुक रहेको बताउनु भएको थियो । हाल पाकिस्तान दक्षिण एशियामा अमेरिकाको दूतकारूपमा काम गरिरहेको छ । भारतका अन्तर्राष्ट्रिय मामिला विज्ञ मोहसिन रजा खानले चीनले नेपालमा प्रभाव बढाउन सक्रिय प्रतिश्पर्धा गरिरहेको प्रतिक्रिया दिनुभएको छ । माल्दिभ्स, बंगलादेश र पाकिस्तानजस्ता देशहरूको झुकाव चीनतर्फ बढ्दै जाँदा भारतका लागि नेपालको महत्व अझ बढेको उहाँको भनाइ छ । तर यतिबेला नेपाल मामिलामा छिमेकी चीन र भारत एक भएको देखिएको छ । त्यसैले भारतले नेपालका प्रधानमन्त्रिलाई दिल्ली बोलाउँदा चीनको सरोकारलाई पनि ध्यान दिने अवस्था छ । त्यसैले नेपालका प्रधानमन्त्रिको भारत भ्रमण सहजै हुने कुनै संभावना छैन । खासगरी बालुवाटार निकटका केहीले प्रधानमन्त्री बालेन्द्रको भारत भ्रमण यसै महिना हुनेभनेका छन् । प्रधानमन्त्री बालेन्द्रको भ्रमणको तयारीमा दुवै देश जुटेको पनि बताउने गरिएको छ । तर बाहिर आएका दृश्यहरूले त्यस्तो देखाएका छैनन् । नेपालमा प्रधानमन्त्रि बालेन्द्र भारत भ्रमणको व्यग्र प्रतीक्षामा हुनुहुन्छ । उहाँको भ्रमणको प्रबन्ध मिलाउनका लागिभन्दै काठमाडौँस्थित भारतीय राजदूतले दिल्ली र काडमाडौं दौडलगाउन शुरूगरेको प्रचार गरिएको छ । तर नेपालले बालेन्द्रको भारत भ्रमणको समय किटेर प्रचार गरिएको छैन । प्रम बालेन्द्रको भारत भ्रमणको प्रबन्ध मिलाउनका लागि रास्वपाका सभापति रवि लामिछानेसहितका कतिपय नेताले दिल्ली भ्रमणको तयारी गरेपनि उनीहरूको समेत भ्रमणको कुनै सुनिश्चितता हुनसकेको छैन । दुई देशबीचमा महत्वपूर्ण बिषयहरूको उठान पनि भएको छ । तर भारतले नेपालका प्रधानमन्त्रिको भ्रमणको मिति सुनिश्चित नगर्दा उहाँको भ्रमण हुनसकिरहेको छैन । उहाँको भारत भ्रमण हुन नसक्नुका कतिपय भित्री कारणहरू होलान, त्यो खुलेको छैन । तर प्रम बालेन्द्रले देखाउनु भएको भारत भ्रमणको व्यग्रता र आफ्नो भारत भ्रमण दुवै देशका लागि ऐतिहासिक बन्ने बताउँदै आउनु भएका कारण भित्रीभित्रै कुनै खिचडी पाकिरहेको सहजै अनुमानगर्न सकिन्छ । करिब एकमहिना यता देखिएका बाहिरी दृश्यहरूको व्याख्या र विश्लेषण गर्ने होभने प्रम बालेन्द्रको तत्काल भारत भ्रमण हुने कुनै संभावना छैन । भएको खण्डमा पनि त्यो बढीमा तीन दिनको सदभावना भ्रमणमात्र हुनसक्ने संभावना छ भनिदैछ ।

यतिबेला बिभिन्न कारणले भारतीय प्रधानमन्त्रि मोदी नेपाल मामिलामा बिवादमा पर्न चाहानु हुन्नभन्ने पछिल्ला घटनाक्रमहरूले स्पष्ट गरेका छन् । पहिलो, नेपालका प्रधानमन्त्रिलाई भारत भ्रमणमा बोलाउनासाथ बिभिन्न किसिमका टिकाटिप्पणीहरू पनि हुन्छन् । दोश्रो, नेपालमा बिवादास्पद अमेरिकी योजना एमसीसी पारित भएको घोषणा गराउन र अमेरिका समर्थितहरूको गठबन्धन गरेर बर्तमान सरकार बनाउन कतिपय नेताहरूको प्रमुख भूमिका रहेको थियो । रास्वपाभित्रकै कतिपय भारत समर्थित समूहहरूलाई समेत बर्तमान सरकारमा सामेल गरिएको भएपनि उनीहरूको सहायक भूमिका रहेको छ । हालको अवस्थामा उनीहरूसमेत बालेन्द्रसँग असन्तुष्ठ भएर बर्तमान सरकारबाट बाहिरिने मनस्थितिमा रहेको बिभिन्न नेताका भनाई र घटनाक्रमहरूले संकेत गरेका छन् । तेश्रो, नेपालमा गत फागुन २१ गतेको निर्वाचनको जनादेशअनुसार बर्तमान सरकार बनेको छ । जुन सरकार गठन भएको एक महिनाभित्रै दुई पटक पुनरगठन हुनुपर्ने अवस्था सिर्जना भएको छ । हिन्दूवादी नारा दिँदैआएको राप्रपाले प्रतिनिधिसभाको उपसभामुख पाउन सकेन । बर्तमान सरकारको बिषयलाई लिएर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस बिभाजित छ । यसैक्रममा नेपाली कांग्रेसका संस्थापन इतर असन्तुष्ट दुईवटा समूहले देशैभरी अलग्गै भेलागर्ने अभियान थालेका छन् । सो अभियानमा गगन थापाका आलोचकहरू र भारत निकट मानिएका नेताहरूको बाहुल्यता छ । जसलेगर्दा यतिबेला भारतले प्रम बालेन्द्रको भ्रमणलाई सुनिश्चितगर्दा नेपालका अन्य समूहहरूसँगको सम्बन्ध बिग्रनसक्ने अवस्था पनि छ । यतिबेला बर्तमान प्रधानमन्त्रिसँग कुनैपनि सन्धि संभौता हुनसक्तैन । त्यसैले प्रम बालेन्द्रलाई भारतले निमन्त्रणा गरेर पनि मिति सार्दैनगेको हुनसक्छ । चौथो, नेपालले अमेरिकासँग एमसीसीको बहानामा बिभिन्न किसिमका संभौता गरेको र नेपालको संविधान र ऐन कानूनलाईनै प्रभावित गर्नेगरी एमसीसीका कतिपय प्रावधान रहेका कारण भारतसँग नेपालको बर्तमान सरकारले खुलेर अन्य कुनै सन्धि संभौता र सहमतिपत्रमा हस्ताक्षरगर्न सक्तैन । कतिपयले भित्रीभित्रै अमेरिकाको एसपीपीमासमेत संभौता वा सहमति भैसकेको पनि बताउने गरेका छन् । नेपालको यसअघिका सरकारमा रहेकाहरूले सो बिषयमा ढाँटछल गरेका कारण बिभिन्न भ्रमहरूको सिर्जना भएका छन् । नेपालका पछिल्ला सरकारहरूले असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिको पालना नगरेका कुराहरू पनि रहेका छन् । अमेरिका निकटका बर्चश्वयुक्त सरकार रहेको र एमसीसीमार्फत अमेरिकासँग कतिपय संभौतामा हस्ताक्षर भैसकेको अवस्थामा बर्तमान सरकारले भारतसँग नयाँ संभौतागर्ने कुरा पनि आउँदैन ।

त्यसैगरी प्रम बालेन्द्रले भारतसँग लिम्पिया धुरा र लिपुलेकलगायतका कुनैपनि कुरामा संभौता गर्नसक्ने संभावना पनि रहेको छैन । भनाईको तात्पर्य नेपालले भारतसँग त्यस बिषयमा वार्तानै गर्दैन । पाँचौं, नेपालका पूर्व राजा ज्ञानेन्द्रले पटक,

बाहिरी दृश्यहरूको विश्लेषण गर्ने होभने प्रम बालेन्द्रको तत्काल भारत भ्रमण हुने कुनै संभावना छैन । भएको खण्डमा पनि त्यो बढीमा तीन दिनको सदभावना भ्रमणमात्र हुनसक्ने संभावना छ भनिदैछ ।

पटक दिल्लीको भ्रमण गरिसक्नु भएको छ । उहाँले ०६३ को राजनीतिक परिवर्तनपछि भारतको रोहबरमा नेपालका दलहरूसँग भएको पाँचबुँदे सहमतिको पालना नभएको कुरा उठाउनु भएको छ । संभौताका दुई पक्षमध्ये कुनैले त्यसको पालना नगरेमा साक्षी रहेकाले जिम्मेवारी लिनुपर्छभन्ने विश्वव्यापि मान्यता छ । त्यसैले प्रम बालेन्द्रको भ्रमणमा भारतको संस्थापन पक्षले उपरोक्त कुरा पनि उठाउन सक्ने संभावना देखिएको छ । कतिपय सार्वजनिक कार्यक्रममा प्रम बालेन्द्र आफैले ०६३ को परिवर्तनको उपलब्धी भनिएका संघीयतालगायतका कुराहरूमा बिमति जनाएका उदाहारणहरू पनि रहेका छन् । नेपालको ०७२ को संविधानमा भारतका कतिपय बिमतिहरू छन् । त्यसैले नेपालका प्रधानमन्त्रिको भारत भ्रमणकाक्रममा ०४७ को संविधानलाई व्युंताउने कुराहरू आउन सक्तछन् । यसअघि दलहरूले भारतलाई प्रयोग गरेर नेपालका तत्कालीन राजामार्फत म्याद सकिएको संसद व्युंताउन र अनिर्वाचितहरूलाई समेत सांसद बनाउन लगाएका कारण ०४७ को संविधान पुनर्स्थापनाका कुरा आउनसक्ने संभावना छ । त्यसैले प्रम बालेन्द्रको भारत भ्रमण संविधान संशोधनले आकार ग्रहण गरेर नेपालको भावि राजनीतिक व्यवस्थाको ठुंगो नलागेसम्म हुनसक्ने कुनै संभावना देखिएको छैन ।

२०२८ को स्थानीय तथा प्रादेशिक चुनावमा पुराना दलहरुको पुनरुत्थानको सम्भावना

डा. केदार कार्की

मार्च ५, २०२६ मा नेपालमा सम्पन्न प्रतिनिधि सभा) चुनावले २००६ पछि देशको लोकतान्त्रिक मार्गमा सबैभन्दा ठूलो परिवर्तनहरू मध्ये एकलाई चिन्हित गऱ्यो । २७५ सदस्यीय संघीय संसदको लागि यी चुनावहरू - पहिलो-निर्वाचित-पद (एफपीटीपी)प्रणाली मार्फत १६५ सिट र समानुपातिक प्रतिनिधित्व (पी आर)मार्फत ११० सिटहरू निर्वाचित भएका थिए - एक वर्षको तीव्र राजनीतिक उथलपुथल पछि लागे ।

२०२५ मा, जेन जेड युवाहरूको नेतृत्वमा विरोध प्रदर्शन, प्रायः शहरी सञ्जाल र सामाजिक सञ्जाल मार्फत, नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी (सीपीएन-एमाले)का के. लाई पदच्युत गरियो । त्यसपछि उत्पन्न राजनीतिक शून्यताले पी. शर्मा ओलीको नेतृत्वमा रहेको सरकारलाई राजीनामा दिन बाध्य पार्यो । यस परिस्थितिले सिर्जना गरेको राजनीतिक शून्यताले राष्ट्रिय स्वतन्त्र पार्टी (च्वए) को तीव्र उदयलाई अनुमति दियो, जुन अहिले नयाँ संसदमा एक प्रमुख शक्तिको रूपमा उभिएको छ ।

नेपालका परम्परागत दलहरूले चुनावमा खराब प्रदर्शन गरे । कांग्रेसले १८ सिट जित्यो, र कुल ३८सिट जित्यो । नेकपा-एमाले ९ पहिलो-निर्वाचित-पद सिटहरूसँग पछाडि रह्यो, जसको अर्थ कुल २५सिटहरू जित्यो । नेपाल कम्युनिष्ट पार्टी-माओवादी केन्द्र (सीपीएन-एमसी)ले ८ पहिलो-निर्वाचित-पद सिट जित्यो, र समानुपातिक प्रतिनिधित्व वितरण पूरा भएपछि कुल लगभग १८ सिट जित्यो । यी नतिजाहरूले २००६ मा माओवादी विद्रोहको अन्त्यदेखि नेपालको राजनीतिमा प्रभुत्व जमाउँदै आएका स्थापित राजनीतिक अभिजात वर्गको गहिरो अस्वीकृतिको संकेत गर्छन् ।

आरएसपीले अर्को सरकार गठन गर्ने तयारी गरिरहेको बेला, ध्यान बालेन्द्र शाहको नेतृत्वमा केन्द्रित भएको छ - जसलाई सामान्यतया "बालेन" भनेर चिनिन्छ - जो मार्च २०२६ को अन्त्यसम्मा प्रधानमन्त्री बन्ने अपेक्षा गरिएको छ । शाहको उदयले नेपालको राजनीतिक नेतृत्वमा पुस्तागत परिवर्तनको संकेत गर्दछ । भ्रष्टाचार विरोधी अभियान र युवाहरूलाई परिचालन गरेर आफ्नो लोकप्रियता निर्माण गर्ने काठमाडौँका पूर्व स्वतन्त्र मेयर शाहले आरएसपीको चुनावी लाभलाई बढावा दिने स्थापना विरोधी भावनालाई मूर्त रूप दिन्छन् ।

यद्यपि, चुनावी विजयले मात्र नेपालको खण्डित राजनीतिक प्रणालीमा स्थायी शक्तिको ग्यारेन्टी गर्दैन । आगामी प्रशासनले प्रमुख सरकारी संस्थाहरू, विशेष गरी सुरक्षा प्रणालीको राजनीतिक समेकनलाई प्राथमिकता दिने सम्भावना छ । आन्तरिक सुरक्षा प्रणाली - विशेष गरी नेपाल प्रहरी र सशस्त्र प्रहरी बल - माथिको नियन्त्रण गृह मन्त्रालय अन्तर्गत पर्दछ, जसले यसलाई राजनीतिक अधिकारको केन्द्रीय लीभर बनाउँछ । २०२५ को विरोध प्रदर्शनको समयमा दुवै सेनाले महत्त्वपूर्ण भूमिका खेलेका थिए र सार्वजनिक व्यवस्था कायम राख्न र नयाँ अशान्ति रोक्नको लागि उनीहरूको संस्थागत वफादारी सुनिश्चित गर्नु आवश्यक हुनेछ ।

नागरिक सरकार र नेपाली सेना बीचको सम्बन्ध पनि उत्तिकै महत्त्वपूर्ण छ । सैवैधानिक रूपमा दैनिक राजनीतिक प्रभावबाट अलग्गिए पनि, सेनाले ऐतिहासिक रूपमा उल्लेखनीय संस्थागत स्वायत्तता प्राप्त गरेको छ र देशको सुरक्षा संरचनामा एक महत्त्वपूर्ण अभिनेता बनेको छ । वर्तमान सरकारहरूले परम्परागत रूपमा राष्ट्रपतिलाई मन्त्रिपरिषद् सिफारिसहरू मार्फत वरिष्ठ नियुक्तिहरू निर्धारण गर्ने प्रयास गर्छन्, र राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वले अघिल्लो प्रशासनहरूसँग नजिकबाट सम्बन्धित मानिने वरिष्ठ अधिकारीहरूलाई प्रतिस्थापन गर्न खोज्न सक्छ, विशेष गरी ओली युगसँग सम्बन्धित ।

गुप्तचर समन्वय पनि प्राथमिकतामा रहनेछ । नेपालको मुख्य नागरिक गुप्तचर निकाय, राष्ट्रिय अनुसन्धान विभाग (ल्क्ष), ले आफ्नो सीमित सञ्चालन क्षमता र राजनीतिक हस्तक्षेपको लागि प्रायः आलोचनाको सामना गरेको छ । नयाँ सरकारले राजनीतिक कट्टरपन्थीकरण, संगठित अपराध सञ्जाल र सीमापार तस्करी जस्ता उदीयमान खतराहरूलाई सम्बोधन गर्न राष्ट्रिय अनुसन्धान विभाग को संस्थागत क्षमता र अन्य एजेन्सीहरूसँगको समन्वयलाई बलियो बनाउन खोज्न सक्छ । राष्ट्रिय स्वतन्त्र पार्टी को व्यापक भ्रष्टाचार विरोधी एजेन्डाको एक भागको रूपमा सुधारिएको गुप्तचर निरीक्षण पनि स्थापित हुन सक्छ ।

सुरक्षा क्षेत्रभन्दा बाहिर, यो सुदृढीकरण प्रक्रिया अनिवार्य रूपमा नागरिक प्रशासनमा विस्तार हुनेछ । २०१५ को संविधान अन्तर्गत स्थापित नेपालको संघीय संरचनाले सात प्रदेश र सयौं स्थानीय सरकारहरूमा शक्ति विभाजन गर्दछ । नयाँ केन्द्रीय सरकारको प्राथमिकताहरूसँग प्रादेशिक कर्मचारीतन्त्र र जिल्ला प्रशासनलाई मिलाउनु गाह्रो काम हुनेछ । प्रशासनिक फेरबदल, नयाँ नियुक्ति र कार्यसम्पादनमा आधारित कर्मचारीतन्त्र निरीक्षण लागू गर्ने प्रयासहरू सम्भव छन् किनकि राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वले पुराना दलहरूसँग ऐतिहासिक रूपमा सम्बन्धित बलियो संरक्षक सञ्जालहरू ध्वस्त पार्ने प्रयास गरिरहेको छ । चुनावी असफलताको बावजुद, परम्परागत राजनीतिक पात्रहरू नेपालको राजनीतिक परिदृश्यमा गहिरो रूपमा समाहित छन् । कांग्रेसले ग्रामीण निर्वाचन क्षेत्रहरूमा व्यापक संगठनात्मक सञ्जालहरू कायम राखेको छ र प्रमुख संसदीय प्रतिपक्षको रूपमा देखा पर्ने सम्भावना छ । पार्टी भित्र, गगन थापा जस्ता नेताहरूले कांग्रेसलाई शहरी मध्यमवर्गीय समर्थन पुनः प्राप्त गर्न सक्षम सुधारवादी विकल्पको रूपमा पुनर्स्थापित गर्ने प्रयास गर्न सक्छन् ।

नेकपा-एमालेले अनुशासित कार्यकर्ता संरचना र ग्रामीण जिल्लाहरूमा महत्त्वपूर्ण आधार पनि कायम राखेको छ । के. पी. शर्मा ओलीको निरन्तर प्रभावमा, नेकपा-एमालेले आरएसपीको शासन क्षमतालाई चुनौती दिने र विपक्षी गठबन्धनहरूलाई परिचालन गर्ने उद्देश्यले दृढ संसदीय रणनीति अपनाउन सक्छ ।

पुष्पकमल दाहाल उर्फ प्रचण्डको नेतृत्वमा रहेको नेकपा-एमसीको लागि, चुनावी नतिजाले निरन्तर अस्तित्वको संकटलाई गहिरो बनाउँछ । विद्रोहको तुरुन्तै पछि प्रमुख शक्ति भएपछि, नेकपा-एमसीले चुनावी समर्थनमा निरन्तर गिरावट अनुभव गरेको छ । नयाँ संसदमा यसको रणनीतिमा अन्य वामपन्थी गुटहरूसँग रणनीतिक सहयोग वा प्रतिस्पर्धी राजनीतिक समूहहरू बीच मध्यस्थकर्ताको रूपमा आफ्नो प्रासंगिकता पुनः स्थापित गर्ने प्रयासहरू समावेश हुन सक्छन् । आरएसपीको उदयले जवाफदेहिता, पारदर्शिता र प्रभावकारी शासन खोज्ने युवा मतदाताहरूद्वारा संचालित शक्तिशाली स्थापना विरोधी लहरलाई प्रतिबिम्बित गर्दछ । यदि नयाँ नेतृत्व संस्थागत अखण्डतालाई सुदृढ पार्न र भ्रष्टाचार घटाउन सफल भयो भने, २०२६ को चुनाव लोकतान्त्रिक नवीकरणको महत्वपूर्ण क्षणको प्रतिनिधित्व गर्न सक्छ ।

तैपनि संक्रमणले पनि महत्त्वपूर्ण जोखिमहरू बोकेको छ । आरएसपी नेतृत्वसँग राष्ट्रिय शासनमा व्यापक अनुभवको अभाव छ, र स्थापित राजनीतिक विरोधको सामना गर्दा जटिल नोकरशाहीलाई व्यवस्थापन गर्ने चुनौतीले यसको प्रशासनिक क्षमताहरूको परीक्षण गर्नेछ । सुरक्षा संस्थाहरू र निजामती सेवामाथि अधिकार सुदृढ गर्ने प्रयासले प्रतिरोधलाई उत्प्रेरित गर्न सक्छ, यदि पक्षपातपूर्ण वा अस्थिरताको रूपमा हेरियो भने ।

अन्ततः, २०२६ को चुनावले नेपालको राजनीतिक विकासमा विच्छेदन र नवीकरण दुबैलाई चिन्ह लगाउँछ । परम्परागत दलीय प्रभुत्वको क्षयले लोकतान्त्रिक शासनबाट जनताको अपेक्षामा आधारभूत परिवर्तनको संकेत गर्दछ । यो क्षणले दिगो संस्थागत सुधार उत्पादन गर्छ वा राजनीतिक अस्थिरताको अर्को चक्र मात्र नयाँ नेतृत्वले नेपालको कमजोर संघीय लोकतन्त्रमा संस्थागत स्थिरताको मागसँग सुधारवादीलाई कति प्रभावकारी रूपमा सन्तुलनमा राख्छ भन्ने कुरामा निर्भर गर्दछ ।

From Policy Intent to Economic Architecture: Nepal's Path to a $100 Billion Economy

By: Galab Bahadur Dhungana,

Attorney & Counselor at Law, United States.

Nepal has long treated its annual budget as a predictable formality, an exercise in balancing limited revenue against immediate political commitments. Today, that is no longer sufficient. The current fiscal moment is not about accounting but about whether the state can move beyond short-term management and construct a durable economic structure. With a national target of a 100 billion US dollar economy and sustained 7 percent growth, the challenge has shifted from incremental reform to structural transformation.

In this context, Swarnim Wagle's remarks at the United Nations Economic and Social Council in April 2026 are instructive because he acknowledged that Nepal continues to rely heavily on domestic borrowing and indicated that this model is insufficient to sustain long-term growth. He emphasized the need to mobilize private capital, identified infrastructure financing gaps as a major constraint, and called for improvements in governance to create a more investment-friendly environment.

The call to reduce reliance on internal debt is fiscally sound, yet Nepal borrows domestically not merely by policy choice but because it lacks large-scale productive sectors capable of absorbing capital efficiently. The problem is not borrowing itself but the destination of that capital. Without creating strong domestic demand anchors, any shift away from borrowing risks becoming fiscal tightening without growth. This structural imbalance is visible in the composition of public finance, where recurrent expenditures, including salaries, pensions, and administrative costs, account for roughly 61 percent of the budget, while capital expenditure remains constrained at around 15 percent. Meanwhile, total public debt has approached 3 trillion Nepali rupees, approximately 22.5 billion US dollars, with nearly 20 percent of the budget allocated to debt servicing. Mathematically, our debt servicing now exceeds our entire capital expenditure budget, meaning a growing share of national resources is being used to finance past liabilities rather than future productivity.

At the global level, the finance divide highlighted in international forums is a legitimate concern, yet for Nepal the constraint is more specific. The issue is not simply access to capital but the bankability of projects. Nepal does not lack capital alone; it lacks a pipeline of technically credible, risk-structured, and institutionally supported investments. Global capital for climate and infrastructure projects is available, but it does not respond to rhetoric. It responds to clarity, structure, and credibility. Bridging this gap requires more than advocacy because investors seek confidence grounded in data-driven systems rather than sentiment.

This makes the emphasis on private and diaspora capital both necessary and incomplete. Diaspora capital is not waiting for an invitation; it is waiting for institutional trust. Its limited scale to date reflects not a lack of interest but a lack of predictable policy, credible project structures, exit mechanisms, and protection against currency and regulatory risk. Unlocking this capital requires moving beyond general appeals toward structured public-private partnership frameworks that align incentives and reduce uncertainty.

The ambition of a 100 billion US dollar economy growing at 7 percent annually sharpens the stakes. Such growth cannot be sustained through remittances, tourism, or fragmented service sectors alone. Remittance inflows already exceed 2.1 trillion Nepali rupees, approximately 15.7 billion US dollars, accounting for nearly 30 percent of the gross domestic product. This model masks a deeper contradiction because Nepal exports labor while importing consumption. It effectively taxes its citizens twice, first through their labor abroad and again through the imported goods purchased with their earnings.

Nepal's greatest unrealized advantage lies in clean energy, yet it remains underutilized. The country exports electricity at low prices while importing expensive fossil fuels. Petroleum products alone account for approximately 16 percent of total imports, costing over 300 billion Nepali rupees, around 2.25 billion US dollars annually. By domesticating energy-intensive industries, we convert the 300 billion Nepali rupee annual drain on fossil fuels into a domestic investment in energy security and agricultural productivity. Energy-intensive industries such as green hydrogen, ammonia, and green urea production can convert surplus electricity into strategic economic output while linking energy security with agricultural productivity. Electrified manufacturing and digital infrastructure, including data centers, can form the backbone of a modern industrial ecosystem capable of attracting foreign investment and integrating Nepal into global value chains.

At the same time, Nepal's environmental integrity should be viewed not only as a constitutional right but as an economic asset. In a decarbonizing global economy, clean energy and low-carbon production systems can attract climate finance, ESG-aligned capital, and premium export markets. The opportunity is not just to grow, but to grow differently.

Realizing this transformation requires discipline in public spending and coherence in policy execution. Too many resources are currently directed toward small, low-impact projects that are politically visible but economically insignificant and do not generate long-term value. Public investment must be evaluated not by visibility but by its capacity to enhance productivity, create jobs, and generate future revenue. More fundamentally, Nepal must align its financial, industrial, and energy strategies into a unified economic architecture through data-driven fiscal discipline. Fragmented planning across ministries will not deliver structural change. What is required is a coordinated approach that connects capital mobilization with sectoral priorities and implementation capacity, moving projects from concept to bankability and ultimately to financial closure.

The question is no longer whether Nepal can grow. The question is whether it can build an economy capable of receiving, deploying, and multiplying capital at scale. Dr. Wagle's ECOSOC remarks articulate the why of transformation. The task now is to define the how. Future prosperity will not be determined by the clarity of our intentions but by the strength of the economic architecture and data-driven fiscal discipline we build.

Outstanding Remarkable Memorable Achivements And Emerging effforts to establidh RBKS Memorial Academy

Prof. Uttam Karmacharya

The 23rd Memorial Day of late Ram Bhakta Kokh- shrestha , Former Mayor of Banepa Municipality was conducted on Monday 30 Chaitra under the chairpersonship of Founder chairperson Mr. Hari Bhakti Bhochhibhoya admid a huge gathering in Araniko Sabhabhawan Banepa attended by Chief Guest Honorable Social Development Minister Bagmati province Shreeman Kanchanbade Shrestha ; special guest attendedby Respectable Mayor of Banepa Municipality Shreeman Shanti Ratna Shakya and senior Literatures Shreeman Mohan Duwal.

I became more acquainted with Banepa Development Activities when Banepa was announced as A Municipality with a founder Pradhan Panch led by late Dr. Surendra Bade Shrestha and also second elected Mayor of Banepa. It was wonderful opportunity I got chance to work as a Consultant Adviser of Banepa Municipality during the time of first elected Mayor of Banepa Late Ram Bhakta Kokh-shrestha after the multi-party democracy in Nepal during the reign of late HMthe King Birendra Bir Bikarm Shaha Dev.

As I was raised in Banepa and got SLC from Azad high school in 2017/18 academic year, I am highly attached with Banepa and development activities. I still remember the visit of our late His Majesty the King Mahendra Bir Birbikram Shahadev early in the morning to observe the big Fire Accident of Banepa in 2017 BS with a group of horse riding of Military group . While writing to try this article to commemorate 23rd memorial day of late RBKS all of a sudden I reminded my high schooldays with a group of friends / school mates and dedicated teachers with whom we got chance to study from primary to SLC graduation. The 18 of them already passed away. I became more acquainted with Kabhre District with the implementation of Literacy Campaign supported from UNICEFand Kabhre Basic Education Project (KBEP) supported by Danida / Denmark and also chance to visit around 60 VDCs with the municipality team led by late Ram Bhakta Kokh-shrestha in different programs as a consultant advisor of six foreign projects and programs .

Recapitulation of my memories of the first and first happening/ events during the tenure of Mayor-ship of late Ram Bhakta Kokh-shrestha.

Major highlights of Banepa Municipality during the tenure of mayor ship of Late Rambhakta Kokh -Shrestha.

1. First elected mayor of Banepa after Multi-party System
2. First team leader of the group of Mayors visiting Europe
3. First chairperson Establishing CEFA in Banepa Nepal
4. First establishing CLC in the 11 Wards of Banepa Municipality
5. First establishing Sister School Relationship with DKPS Tokyo Japan
6. First establishing Sister City Relationship with oldest city Ribe of Denmark and visit Copenhagen and Ribe under Danish Government and two students studied for one year in Copenhagen
7. First fully literate Municipality of Nepal
8. First best practice presentation in World Conference Habitat 2 in Istanbul in 1996.
9. First visit of Banepa Municipality Board members in two groups in Thailand Bangkok
10. First donation of German Firebriges to Banepa Municipality from German Embassy and Technical manpower support .
11. First founder/ mother of preparing by laws of Nepal Municipality Association in Banepa .
12. First Unicef pilot project in Non formal Education in the Municipality level.
13. First Pilot project of Compulsory Primary Education in The Municipality and Kavre District
14. First implementation of pilot project handing over Education management Program to Municipality Level
15. First Brochure and 4 Post cards developed and distributed at national level under French Embassy Support
16. First implementation of Village Support Program at Municipality level

17. First publicity of Quarterly Banepa Municipality Bulletin - one to sixteen volumes within five years
18. First construction Budol Iron Rud Tower in collaboration with OISCA Japan.
19. First stone curbing statue of national heroes in Budol ward no 11
20. First MSc. Degree holder of Kabhre district
21. First president of teacher association of Kavre district
22. First president of Kabhre District Heart Foundation
23. Presently this Memorial Foundation establishined since 2056 BS, the Executive Board has continued under the chairmanship of Mr. Hari Bhakta Bhochhibhoya with founder executive members as 1. 24 . Conducted annual Memorial Day Awarded 29 distinguished personalities from different walks of life and alrady invited 20 th chief guests of different capacities and walks of life including TU KU and social distinguidhed persons
25. Established Rambhakta Kokh Shrestha Documentation Center in Azad High school Building last year.
26. Conducted pre workshop preparation and guideline drafting last week to develop Second Resources book on Rambhakta Sir in four/ five parts under the coordinator-ship of Mr. Raju Sharkar
27. Conducted 23rd Memorial Day inviting Chief Guest Proviencial Social development Minister Honorable Kanchan Bade shrestha and Mr. Shanti Ratna Shyakya Respectable Mayor of Banepa Municipalty chaired by Mr. Hari Bhakta Bhochhibhoya .
28. Mr. Krishna Kayastha secretary General has established Face book status with hundreds of related materials photos articles published with reference to late Ram Bhakta Kokh- Shrestha
29. Mr. Krishna Kayastha secretary General has also collecting list of documents developed and publishe during his tenure of Mayor ship.

thank you.

रोजगार सिर्जना गर्न उद्यम खोल्नैपर्छ –६

र ६रराणा परिवारमा सीमित शिक्षा जनतामा आए पनि राजधानीका शहरबासीका घरसम्म मात्र आइपुग्यो, त्यसमा पनि टाठाबाठाकहा मात्र आइपुग्यो । तिनीहरूमध्ये नै कर्मचारीहरू नियुक्ति भए । दरबार र शक्ति केन्द्रहरूमा उनीहरूको सम्पर्क बढ्यो, यिनीहरू नै चिनिए र निर्णय गर्ने उच्च ओहदामा पनि यिनीहरू नै पुगे । उनीहरूले निर्माण गरेका ऐन नियम पनि यहाँकै वातावरणलाई हेरेर बनाइयो । सबै विकास आयोजना, उद्योगधन्दा, शिक्षण संस्था, सञ्चारमाध्यम, यातायातको सुविधा, खानेपानी, ढल निकास, बिजुली, आवास सबै यहीं खाल्डोमा निर्माण गरियो । सामन्त र बुर्जुवाका विरुद्ध सडक आन्दोलन गर्ने तिनै सामन्त नै हुन् । देशभरका सबै मानिसलाई जे कामका लागि पनि राजधानी आईपुग्नुपर्ने गजबको नयाँ धारणा बनेर आयो, आएको छ । यस्तो धारणा र त्यस धारणाले गराएको यसप्रकारको असन्तुलित वितरण व्यवस्था पृथ्वीका कुनै मुलुकमा पाइँदैन ।

काठमाडौं यस्तो अस्तव्यस्त अवस्थामा पुग्नुको मूल कारण के हो भने पहिलो कलेज र पहिलो विश्वविद्यालय यहीं खुल्यो, स्नातकहरू यहींका मानिस मात्र भए र तिनीहरूका बीचमा मात्र लोक सेवाले प्रतियोगिता गराइयो । फलतः सबै क्षेत्रका उच्च ओहोदामा स्थानीय मानिस मात्र परे । नीति निर्धारणले आफ्नो सुविधा मात्र हेरिदिने भएकाले देशभरि स्थापना हुनुपर्ने सबै चीज काठमाडौं मात्र स्थापना भए । इन्जिनियरिङ्, वाणिज्य, कला, विज्ञान, शिक्षा, सेडा, सिनास, चिक्तिसा, नर्सिङ् जस्ता सबै उच्च विद्यालयहरू, आँखा, बाल, प्रसूति, सरुवा रोग, मानसिक रोग, दाँत, मृगौला, नशा तथा मष्तिष्क, टिचिङ अस्पतालहरू, मिशन, नर्सिङहोम, आयुर्वेदिक औषधालयदेखि पशु अस्पतालसम्म यहीं बनाइए । विजुलीको सेन्ट्रल ग्रिड यहीं बनाइयो । सबै मन्त्रालय, विभाग, मिसन र कूटनैतिक नियोग, अन्तर्राष्ट्रिय संस्थाहरूको स्थापना यहीं भयो । सबै संवैधानिक संस्थादेखि गैर सरकारी संस्थाहरू यहीं भए, छन् । खेलकुद, मनोरञ्जन र बागवगैंचा समेत यहीं छन् । त्यतिमात्र नभएर उद्योगधन्दा र औद्योगिक क्षेत्रहरू पनि यहीं स्थापना भए । सबै होटल र बस्ने थलादेखि यावत् कुरा यहीं थुपारिए । सबै प्रकारका रोजगार र अन्तरक्रिया हुने केन्द्र यहीं थलो बन्यो । विकेन्द्रीत भएनन् ।

हाम्रा निर्णय दिने उच्च पदस्थ अधिकारीवाट त्यस्तो अवधारणा नहटेर यसो भएको हो । अहिले पनि यो रोग अझै निको भएको छैन । यदि सन्तुलित रूपमा नै निर्णयर्त्ताहरू भइदिएको भए यसो हुने थिएन । परिणम के भयो भने हरेक क्षेत्रका मानिसहरू काठमाडौं नआई सुखै पाएनन् । चारैतिबाट आर्थिक रूपले सम्पन्न र सचेत वर्ग समेतको यहाँ ओइरो लाग्यो । अन्धाधुन्द शहर बढ्यो । समयमै सकारात्मक निर्णय लिन, निर्माण र नियन्त्रण गर्न कुनै पनि सरकार सफल भएनन् । शहर अव्यवस्थित खोर भयो, फोहोरको डुङ्गुर हुन पुगेको छ ।

गलत प्रशासनिक प्रवृत्तिको संस्कार : यसरी हाम्रो प्रशासन संयन्त्र संस्कारगत र संस्थागत रूपमै केन्द्रीकृत भएको कारणले तल बसेर काम गर्नेहरूमा केन्द्रको मुख ताक्ने र मनसाय बुझ्ने बानी हुनु स्वाभाविक नै हुन आउँछ । यसो हुनाको कारणले नगण्य संख्याका व्यापारी, उद्योगपति, भूमिपति, प्रभावशाली कर्मचारी र राष्ट्रियस्तरका राजनैतिक कार्यर्त्ताहरूले नै राष्ट्रिय आयको ठूलो अंश उपभोग गर्दछन् । गाउँगाउँका बासिन्दालाई जतिसुकै हित हुने नीतिहरू बने पनि यिनीहरूको स्वार्थमा आघात हुने भयो भने विरोध भइनै हाल्दछ । तर्कले विरोध गर्ने ठाउँ नभए पनि कार्यान्वयनमा बाधा अड्चन उत्पन्न गरिदिने, गलत अर्थ लगाइदिने र कुरो बंग्याइदिने परम्परा कायमै छन् । यसरी सचेततावो नाताले थोरै जनताले सबै नागरिकका आर्थिक, सामाजिक र राजनैतिक हक समेत प्रयोग गर्ने गरेको पाइन्छ । राजनैतिक व्यवस्था, नीति र कार्यक्रम जे भए पनि सबै अवस्थामा सबै शक्ति र स्रोत यिनीहरूले नै उपभोग गर्ने संस्कार रहिआएको छ ।

गलत योजनाको निर्माण:

अहिलेसम्म हाम्रा विकास योजनाहरू, जनकल्याणका लागि गरिने कामहरू र सेवा प्रदान गरिने कामहरू सबै राजधानी र सदरमुकामहरूमा मात्र सीमित छन् । राजधानीमा नअटाएर छचल्किंयो भने जिल्ला सरदमुकामसम्म पुगेने हुन्छ तर यहाँ पुग्दा त्यसको गुणस्तर भने खस्किसकेको हुन्छ । राजधानी र अरु सरदमुकामहरूका गरी १२/१५ प्रतिशत जनसंख्याले मात्र सुविधा भोगेका छन् । केही बस्तीका थोरै जनाले आशा गरेका छन् तर गाउका सबै जना निराशिएर बसेकाछन् । फलतः ३.३ प्रतिशत भन्दा कम जनसंख्या भएका तीनवटा जातीले मात्र ऊँचो जीवन बिताउन सकेका छन् ।

यस असमानताले जन्माएको द्वन्द्वको कारण शान्ति सुरक्षा र रक्षा व्यवस्थामा अस्वाभाविक रूपमा वृद्धि भयो । २००९ सालमा ९,००० जति रहेका सुरक्षकर्मी बढेर १ लाखको हाराहारीमा पुग्याइयो । १ अर्बको रक्षा खर्च १८ अर्बमा पुग्याइयो । विकास बजेटलाई प्रशासनिक बजेटले उछिन्त्यो । यस्तो अवस्था असफल रायट्को रूप हो । असफल राष्ट्र बनाउन अथवा विकासगतिलाई ढिलो पार्नमा विद्रोहीको भूमिका हुने र यिनलाई उक्साउन विदेशीको हात पाइन्छ । नेपाली काग्रेस, नक्सालवादी र माओवादी प्रमुख विद्रोही हुन् । यही कारणले भ्रष्ट्राचारले झर्याँइने अवसर पनि पायो । कम्युनिष्ट भ्रष्टाचारमा रमायो ।

सही तथ्यांक :

विकासोन्मुख देशका अनेक समस्यामध्ये सही तथ्यांकको अभाव पनि एक हो । हामीकहाँ सही तथ्यांकको ठूलो खाँचो छ । प्राथमिक सर्भेक्षणको तथ्यांक पनि गलत पाइन्छ । अज्ञानतावश उत्पन्न भएको कारण समेतले जनताले पनि सही तथ्यांक दिँदैनन् । मिथ्यांकले हाम्रा विकास योजनाहरू पनि मिथ्या भइदिन्छन् । भइरहेका छन् ।

जग्गामाथिको चाप, बसाईसराइमा वृद्धि

जनसंख्याको वृद्धिले गर्दा देशभरि जग्गामाथि नै चाप बढेको छ । तराई र भित्री मधेशमा जनसंख्याको चाप अत्यधिक चर्को छ । प्रतिपरिवार पहाडमा एक हेक्टर र तराईमा दुई हेक्टर वितरण गर्दा करिब ५० लाख हेक्टर जमिनको जरुरत पर्दछ ।

बसाईसराईं र जग्गामाथिको निर्भरताले अनेकानेक अप्रत्यक्ष रूपमा राष्ट्रलाई नै ठूलो क्षति हुने कुरा कसैले कुनै तहमा सोच्न सकेनन् । अर्कातिर जनसंख्याको चाप आवादीको क्षेत्रफलको तुलनामा बढ्दै आयो । त्यसले गर्दा आफ्नो सोचाई अनुसार कोही विदेशिन पुगे, कोही पहाडमा खोरिया खन्न थाले अनि कोही मधेश घाँचमा पर्ति मासेर बहुमूल्य जंगल सखाप पारी खरानीमा परिणत गराए । २०२४ सालमा नै खान नपुग्ने भूमिहीन परिवार संख्या ७,०४,९११ भएको र तिनीहरूलाई खान पुग्ने गरी जग्गा दिने हो भने थप १४ लाख हेक्टर जमिनमा पुनर्वास गराउनु पर्ने देखाइएको छ । अहिले गरीबीको रेखामुनिको परिवार संख्या ठूलो छ मौजुदा खेती योग्य भूभागले सबैलाई रोजगार पुग्दैन । रोजगारको विकल्प खोज्नु अनिवार्य छ । उद्यम खोल्नैपर्छ ।

भूमिसुधार कार्यक्रम समेत अप्रत्यक्ष रूपमा त्यसमा समावेश भएकोले बढ्दो जनसंख्याको अनुपातमा परिवार नियोजन कार्यक्रमसँगै सम्भव हुने हदसम्म आवादी बढाउँदै लैजानुपर्ने देखिन्छ । तर यसरी कहिले र कतिसम्मलाई जग्गाले थामिरहन्छ भन्ने प्रश्न एकातिर कांचै छ भने जम्मा भूभागमा भूक्षयको हिसावगरी, जंगलको संरक्षणगरी खेतीयोग्य भूभाग कति निकाल्न सकिन्छ र कति कृषि विकास वृद्धि गर्न सकिन्छ सोको स्पष्ट तथ्यांक भू-उपयोगिता नक्साको अभावमा बन्न सकेको छैन । ध्यान दिनैपर्नेछ ।

संगठन र नियन्त्रणको अभाव, अधिकारको दुरुपयोग आदि कारणले २०२५सालदेखि सुरु भएको वन फडांनी २०३६ पछि तीव्र भयो । वन विनाशले भूक्षय पनि तीव्र भयो । यसका समस्या समाधानका लागि अहिले आएर गम्भीर रूपमा उपाय खोज्नु परेको छ । अपरिपक्व संगठनकै कारणले यसो हुनुपर्दछ भनेर यसलाई बेलाबेलामा नियन्त्रण र सामञ्जस्यता ल्याउन खोजियो । सही उद्देश्य भएर पनि केही कार्यान्वयन नहुनका कारणले यसमा पर्याप्त समस्या उत्पन्न भए ।

जापानी राजदूतको सहकार्यको सकृयता

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोभिता गौतम र जापानी राजदूत तोरुबिच भेटवार्ता भएको छ । जापानी राजदूतले कानुन परिमार्जनमा सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन् । जापान नेपालको कुनै पनि समस्या नरहेको मित्रराष्ट्र हो । जापानले नेपालको विकास निर्माण र जनहितका आयोजनाहरुमा विशेष सहयोग गर्दै आएको छ । जापान नेपाली विद्यार्थीका लागि आकर्षक अध्ययन गन्तव्य र रोजगारीका लागि पनि आकर्षक मुलुक बनेको छ ।

वैशाख १० गते भएको यो भेटमा मन्त्री सोविता गौतमसँग नेपालका लागि जापानका राजदूत किकुता युताकाले शिष्टाचार भेटघाट गर्नु भए पनि दुवैदेशवीचका सम्बन्ध, सहयोगका क्षेत्रहरुमा पनि वार्ता भएको थियो । महामहिम राजदूत तोरुले मन्त्री गौतमको कार्यकालको सफलताको शुभकामना दिँदै दुबै देशको मैत्रीभावलाई अझ बढी उचाईमा पुऱ्याउन काम गर्न सकिने बताउनु भएको थियो । भेटवार्ताका क्रममा मन्त्री गौतम र राजदूतबिच नेपाल र जापानबिचको द्विपक्षीय सम्बन्ध, कानुन सुधारका क्षेत्रमा भइरहेका प्रयास र आगामी सहकार्यका विषयमा छलफल भएको र फेरि फेरि पनि छलफल गरेर अघि बढ्न सकिने सहमति भएको मन्त्रालय स्रोतले बताएको छ ।

जापानले नेपालको कानुन सुधारका क्षेत्रमा विगतदेखि सहकार्य र सहयोग गर्दै आएको छ र जापानी राजदूतले आगामी दिनमा पनि भइरहेको सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

विशेषगरी बर्दलिँदो विश्व परिवेशमा सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को बढ्दो प्रयोगलाई नियमन गर्न उपयुक्त कानुनी संरचना आवश्यक रहेको विषय नेपाल र जापानले महत्व दिएका थिए ।

मन्त्री गौतमले प्रविधिमैत्री कानुन निर्माणमा सहकार्यका थप क्षेत्रहरू पहिचान गर्न नेपाल इच्छुक रहेको बताउनुभयो भने जापानी राजदूतले जापान सरकारलाई आवश्यक पर्ने कुनै पनि विषय वा कानुनी जटिलता भएमा छलफलका लागि नेपाल सधैं खुला रहने विश्वास व्यक्त गर्नुभएको थियो ।

जापानी राजदूत तोरुले नेपालको कानुनी क्षेत्रको सबलीकरण र प्रविधिमैत्री कानुन निर्माणमा जापानआवश्यक सहयोग र समन्वय गर्न सदैव तत्पर रहेको जनाउ दिँदै दुवै देशको मित्रता नै सम्बन्धको आधार बताउनुभयो ।

जनाधिकार फेरि कुण्ठित नहोस्

सुरेशकुमार पाण्डे

पुराना दलहरूवाट निरास भएका जनताहरूले उनिहरूलाई सवक सिकाउन नयाँ सरकार छानेका हुन । जनताले सोचेका थिए: स्वतन्त्र पार्टी र बालेनले देशवाट भ्रष्टाचारको सफा गरेर देशभित्र सुशान्ति कायम गर्ने छन् । गरिब श्रमजीवि जनताहरू जसले विदेशमा पसिना बगाएर केही हजारका घरेलु सामान साथमा लिएर देश प्रवेश गर्दा ठूलो कर तिर्नु परेको छ ।

हिजो आज भारत नेपालको वोर्डरहरूमा आगागमन गर्ने व्यक्तिहरूको चिर्लिबिल्ली भएको देखिन्छ । यसमा भारतले समेत चासो देखाएको छ ।

सिमानामा एक सयभन्दा बढीको मालसामान ओसर्न नपाइने सरकारको निर्देशले केही व्यापारिहरूलाई ठिक होला नहोला तर लाखौं गरिवहरूका लागि त्यसले नकारत्मक असर परेको छ । वास्तवमा उनीहरू देशका दुश्मन् होइनन् तस्कार होइनन् वरू उनिहरू आफ्नो जीवन यापनका निमित्त छिमेकमा पुगेका निमेक गरेर दुई चारहजारको सामान उपभोगका लागि साथमा लिएर आएका हुन्छन् । उनिहरूको सामान वोर्डरमा तितरबितर गरिन्छ । सरकारले नियम बनाउन सक्छ तर जनताको पिडा पनि त सरकारले नै बुझ्नुपर्छ ।

सरकारले रोक्ने तस्करी हो, तस्करमाथि कडाइ गर्नुपर्छ । सीमाक्षेत्रमा बसोवास गर्नेहरूको दैनिकीमा असर पार्नु सरकारको अनुदारता हो । सरकारले यदि देशभित्रै उत्पादन गर्छ र सुफत मूल्यमा सामान दिन्छ भने कसैलाई विदेशवाट सामान किन्ने रहर हुँदैनथ्यो ।

भारत र नेपालको मूल्यमा धेरै फर्क हुँदा वोडरका नजिक बसोवास गर्नेहरूले सामान ओसार पसार गर्छन् । त्यो कुरा विदेशवाट स्वदेश फर्किनेहरूका लागि पनि सत्य हो । उनिहरू तस्कर होइनन् । खुला सिमाना छ त्यसकारण विना रोक टोक आगागमन गर्ने बानी परेको छ ।

त्यो मात्र सत्य होइन यो सँग जोडिएको विषय अन्य औषधी उपचारको पनि छ । नेपालबाट भारत डिसचार गरिएका रोगिहरू भारतमा उपचार गरेर स्वदेश फर्किंदा औषधी र केही आवस्यक सरसमानहरू पक्कै पनि उनिहरूसँग हुन्छ । नेपाल देखि रोजगारको सिर्लसिलामा भारत पुगेका प्रवाशी नेपालीहरू स्वादेश फर्किंदा उनिहरूले आमालाई चोलो, धोती उस्तै श्रीमतीलाई केटा केटीलाई उपहार स्वरूप भारतवाट लिएर आउँछन् नै । यो अहिले देखि होइन बरू भारत नेपालको विचमा भएको शान्ति तथा मैत्री सन्धि पछि लगातार यस्तो चलन बसेको छ । निश्चित रूपमा यसवाट देशमा केही व्यापारीहरूलाई नकारत्मक असर पनि पुगेको हुनसक्छ । कतिपय व्यपारीले पनि यसवाट फाइदा उठाएका हुनसक्छन् । सरकारले सबैलाई एउटै कित्तामा राख्दा समस्या बढेका छन् ।

सरकारले भन्सार लिएर उनिहरूलाई छाडेपनि व्यापारीहरूलाई फाइदा हुँदैन । सरकारको केही आयवृद्धी हुनसक्छ । त्यो त भयो सामन्यतया विचार । नेपालमा आउने विदेशी समान र तस्करीद्वारा भित्रिने सुन चाँदी लगायतका ठूला मालवाहक गाडीहरू चेक जाँच नै नभएर भित्रिएका हुन्छन् । सवाल यो हो त्यसवाट कसलाई फाइदा पुग्छ ? गरिब श्रमजीविहरू द्वारा ल्याइएको चिनी, चिया पत्ति बालवालिकालाई चिप्स अर्थात उनीहरूलाई ससाना उपहारलाई रोकलगाउनेहरूले महंगा धातुहरू र तस्करी सामानको कसले लेखाजोखा गर्ने?

भ्रष्टाचारको जरो भनेको उत्पादन शून्य हुनु एउटा हो । त्यसैले देशभित्रै उत्पादनको व्यवस्था गरौं । देश आत्मनिर्भर हुन्छ भने यस्तो समस्या आफै हराउँदै जानेछ । यदि देशमा सबै आवश्याकताका सामान उत्पादन हुन्छ भने त्यो सस्तो दाममा स्वदेशमै प्राप्त हुन्छ । त्यसो भयोभने किन नागरिकले आर्कांको देशवाट सामान ल्याउँछन् ? त्यसकारण सरकारले आधारभूत आवश्याकताका सामान देशभित्रै उत्पादन गरे चुहावट रोक्न सकिन्छ ।

अहिले देशभित्र विदेशवाटै आएका समानहरू पनि थर्ड क्लासका आउने गर्दछन् । धेरैजसो सामानहरू भारतवाट नै आएका हुन्छन् । एकातिर महंगो र आर्को तिर गुणस्तर नभएको सामानले वाजार पाएका छन् ।

अहिले सरकारले आफ्नै नागरिकहरूले फुटपागमा सामान विक्रीका लागि राखेर सरकारी जमिन अतिक्रमण गरेको भन्दै लगातार तोडफोर्ड गर्दै आएको छ । उनिहरूलाई वार्गेनिङ्ग दिएर मैत्रिपूर्ण तरिकावाट पनि यस्तो कार्यको समाधान खोज्नुपर्ने हो । तर त्यसो नगरी जोडजवर्जस्तीसँग उनिहरूलाई हटाउन विवश गरिएको छ । यति तागत देखाउने प्रशासनले देशको भूभाग विदेशीले अतिक्रमण गरेको किन देख्दैन ? अहिलेको आवश्याकता के हो ? यसवारेमा सरकारले गम्भिर सोचविचार गर्नुपर्छ ।

कसैले पनि सरकारी जमिनलाई अतिक्रमण गर्नु गलत हो । त्यसो गर्नु असंवैधानिक हो गैरकानुनी हो । तर उनिहरू देशका नागरिक हुन जमिन यही देशमा रहने हो । त्यो काम न आत्तिएर कानुन सम्मत पनि विस्तारै गर्न सकिन्थ्यो । अहिलेको आवश्यकता लिपुलेख, लिम्प्यायधुरा र कालापानी लगायत छिमेकीद्वारा भएको अतिक्रमण हटाउनु हो । त्यता ध्यान खोई ?

आज गौतम बुद्ध जन्मेको ठाउँ समेत खतरामा भएको बेला आफ्नो सन्तानसँग एकमना एकता गरेर देशका निमित्त आवाज उठाउनुको सट्टा स्वयम सरकारले गरिब जनताहरू सँग यस्तो व्यवहार गर्दैछ । सरकारमा बसेका मन्त्रीहरूको सम्पत्ति देखेर सबैका आँखा चम्किएका छन् । भ्रष्टाचारको अन्त र सुशासनको चाहना राख्ने जनतालाई निराश हुन नपरोस् । उनिहरूमा उहि पुरानो भ्रष्टाचारी शलीको सिर्जना नहोस् ।

पञ्चेले भ्रष्टाचार गरे, हामीले किन गर्न नपाउने भन्दा वहुदल असफल भयो, कालरात्रि सावित हुनपुग्यो । त्यसपछि आएको परिवर्तन हो लोकतान्त्रिक गणतन्त्र । गणतन्त्रको १७ वर्षमा पनि उही चक्र घुम्यो । पुरानाले लुटुनु लुटे, हामीले किन लुटुन नपाउने ? जसको कारण असन्तोष यसरी बढ्यो कि भदौ २३, २४ को जेनजी आन्दोलन, विद्रोह जन्मिन पुग्यो ।

त्यही विद्रोहका सन्तान हो रास्वपा र वालेन साह सरकार । यिनले पनि उही कानै चिरिएको जोगीको रुप देखाए भने के को परिवर्तन हुनसक्छ र ? २६ दिनमा २ मन्त्री विदा भइसके । सम्पत्ति छानविन, भ्रष्टाचारमाथि कडाइ र सुशासनको अपेक्षा जनताको छ, त्यसतिर सरकारले ध्यान दिनुपर्छ । जो सुकै हुन्, सम्पत्ति देखिन्छ भने छानविन हुनुपर्छ, पदीय जिम्मेवारी नलिने र नदेखिनेलाई दण्डित गर्नैपर्छ । नैतिक जिम्मेवारी परिवर्तनको पहिलो सर्त हुनुपर्छ । पुरानो शैली अब चल्दैन ।

उनिहरूका मन्त्रीले सुन चांदी र आय जति देखाएका छन् त्यसबारेपनि छानविन गरेर उनिहरूले बताए अनुसारको सम्पत्ती नियमित र मौजुद छ की छैन यदि छ भने त्यसको श्रोत केहो ? यसवारेमा पनि छानविन आयोगद्वारा स्वेतपत्र जारी हुनुपर्छ । ०४६ देखि २०६२ र २०६२ देखि २०८२ सम्म पदमा बसेकाहरु सबैको छानविन हुनुपर्छ । कसैले भ्रष्टाचार गरेको सम्पत्ति लुकाएको छ, देखिन्छ भने राष्ट्रियकरण हुनुपर्छ, भ्रष्ट र देशठगमाथि कारवाही हुनैपर्छ । कारवाही गर्द तेरोमेरो हेरिनु हुन्न ।

बहुदल र लोकतन्त्रको कालखण्ड सम्झेर जनताले पछुताउनु परेको छ । नेपाली जनताले आफूलाई ठगिएको महसूस् गरेका छन् । सरकार आयो भने देशमा भएको भ्रष्टाचार सकिने छ, देशभित्र रोजगारको व्यवस्था हुनेछ, देशमा विकास हुनेछ आदि इत्यादि सोंचेका जनताहरूको सपना खरानी भएको छ । अब त्यस्तो नहोस् । परिवर्तन जनताले देख्न पाउन् । युवाले स्वदेशमै रोजगारी पाउनुपर्छ, उद्योगधन्दा खोलिनुपर्छ । श्रमजीवी र सुकुमवासीको हितमा काम हुनुपर्छ । फेरि पनि पुर्पुरोमा हात राखेर पछुताउनु नपरोस्, बालेन सरकारले यसबारे सोच्नुपर्छ । चुनावका बेलामा गरेको करारपत्र र वाचापत्र तथा सरकार गठन भएपछिका सर्यदिनका सय सूचीअनुसार काम हुनुपर्छ । बालेन सरकारलाई गीत गाउने छुट छैन । उनी नबोलुन्, काम गर्छु भनेका छन्, गरेर देखाउन्, नेपालीको स्वराज बच्नुपर्‍यो, सुशासन पाउनु पर्‍यो । हेक्का रहोस् ।

नेपाल चीन सम्बन्ध अझै अग्लिदै

काठमाडौं, नेपालका लागि चीनका नवनियुक्त राजदूत झाङ माओमिङको स्वागतार्थ बुधवार ***'वसन्तको स्वर : गीतसँगै मित्री मङ्गोलियाको यात्रा'*** शीर्षकमा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ ।

चिनियाँ राजदूतावासले आयोजना गरेको कार्यक्रममा राष्ट्रिय सभाकी उपाध्यक्ष लीलाकुमारी भण्डारी, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलगायत उच्च अधिकारीको सहभागिता रहेको थियो । कार्यक्रममा चिनियाँ राजदूत झाङ माओमिङले आफ्नो कार्यकालमा नेपाल-चीन सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले दुई देशविचको परम्परागत मित्रता र सहकार्यलाई थप मजबुत बनाउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

राष्ट्रिय सभाकी उपाध्यक्ष भण्डारीले नेपाल र चीनविचको सम्बन्ध विशेष रहेको बताउनुभयो । अर्थमन्त्री डा. वाग्लेले सांस्कृतिक आदानप्रदान दुई देशविचको सम्बन्धको महत्वपूर्ण पक्ष रहेको बताउँदै नेपाल र चीनविचको सम्बन्ध अत्यन्त सफल र सौहार्दपूर्ण रहेको उल्लेख गर्नुभयो ।

अन्तिम पातो - शाश्वत शर्मा

टिक्लान् त बालेन्द्र साह

विश्लेषक भन्छन्- प्रधानमन्त्री बालेन्द्र साहले त्यही त्यही काम गर्दैछन्, जुन काम गर्न तत्कालीन श्री ५ ज्ञानेन्द्रलाई गर्नबाट रोक लगाइएको थियो वा गर्न दिइएको थिएन । हुन पनि, सुशासन, भ्रष्टाचार नियन्त्रण, वेथिति, बिसंगतिलाई निमिट्यान्न पार्न राजा ज्ञानेन्द्रले जसरी विभिन्न आयोगहरु गठन गरेर, त्यतिबेलाको मौजूदा कानुनमा टेकेर पहलकदमी गर्नुभएको थियो र पछि त्यसलाई रोक्न जसरी जनआन्दोलनको नामको विध्वंश मच्चाएर राजा ज्ञानेन्द्रलाई ती कामहरु गर्नबाट बन्चित मात्र गरिएको थिएन कि राजसंस्थालाई नै जुन हिसाबले बिस्थापन समेत गरियो । ठिक त्यस्तै हिसाबले अहिले प्रम बालेन्द्र साहले काम गरिरहेको भान हुन्छ । पुराना दलहरुमा दरिएका पुराना माओवादी हाल नेकपा, नेपाली कांग्रेस, एमालेलगायतका मधेशवादी लहरका नेता कार्यकर्ताहरुले जुन ब्रम्हलूट मच्चाएका थिए, त्यसलाईकानुनी रुपमा दण्ड दिन र न्यायको शासन स्थापना गर्न जसरी अहिले कार्यहरु भइरहेका छन्, त्यो निश्चय पनि स्वागतयोग्य नै छन् । अहिलेको कार्यहरुको सह्राहना गर्नु चैं पर्छ । हो, महँगी यथावत छ, अझ बढेको छ । युवाहरुको पलायन रोकिएको छैन, झन बढेको छ । त्यस्तै गरेर भूराजनीतिलको प्रभावले अन्यौलताको स्थिति छ । यी समस्याहरुलाई तुरुन्तै संबोधन गर्नुपर्नेछ । त्यो कसरी गर्लान् ? खासगरेर यी समस्याहरुका बारेमा अहलिसम्म बालेन्द्र साह र उनको टिमको रोडम्याप देखा परेको छैन । झन मन्त्रीहरु दीपक साह, सुदन गुरुङको छछोटो समयमा नै राजीनामाले सुशासनको डंका पिट्ने बालेन्द्र साह र उनको टिमको मन्त्री छनौट प्रक्रया आलाकाँचो रहेको देखाउँछ । अब भनिदैछ, शिक्षा मन्त्री सस्मित पोखरेलको २४ करोडको सम्पत्ति, पररराष्ट्रमन्त्री शिशीर खनालको बफरस्टेटको उच्चारणका कारण यी दुई मन्त्रीहरु पनि धराषमा पर्ने देखिदैछ । उता अर्थमन्त्री स्वार्णिम वाग्ले र उनको अर्थ मन्त्रालयले नेपाल-भारत सीमामा गरिरहेको ससाना कडाइका बारेमा विवाद उठेको छ । स्वयं भारत सरकारले यसबारेमा नेपालसँग कुरा गर्ने बताएको छ । सुशासन कायम गर्ने हुटहुटी भएता पनि निर्णय क्षमताको अभाव, अनुको कमी, टिँ लोकप्रिय हुनुपर्ने चाना र अन्तरीष्ट्रय सम्ब्धमा निर्वाह गर्नुपर्ने कार्यशैली र ज्ञानेको कमीका कारण कतै बालेन्द्र साह र उनको टिम असफल भएर जनताले फेरि एकपटक आन्दोलन गर्दै सत्तबबाट बाहिर पुऱ्याउने त हैनन् ? भन्ने शंका उब्जिएको छ ।

संसदमा बहुमत छ । सरकार स्थिर छ । प्रतिपक्षी मौन छन्, नयाँ नयाँ भएकाले उनीहरुको सम्पत्ति बिवरण र अभिव्यक्तिमा विवाद भए पनि विरोध गरिसकेका छैनन्, गर्ने ठाउँ देखिएको छैन । बालेन्द्र साहले संघीयताको अन्त गर्नुपर्ने थियो, कर्मचारीलाई अनुशासनमा राख्नुपर्ने छ । त्यतातिरभन्दा विद्यार्थी र कर्मचारी संगठनहरुको खारेजी, सुकुम्बासीको उठिबास, सहरहरुको तोडफोड आदि गर्दा बालेन्द्र सरकारको विरोध बिस्तारै सुरु हुनथालेको छ । आगो नबली धुवाँ उठ्दैन, पार्टी सभापति रवि लामिछाने र प्रम बालेन्द्र साहबीच गूट खडा हुनथालेको देखिदैछ । विदेशी शक्तिहरु पनि झम्टाझम्टी गर्दै देखिदैछन् । नयाँ नौदिन भन्ने उखान थियो, फुकी फुकी निर्णय गरिएन, बोलिएन भने मन्त्रीहरुले विपक्षी र सडकका विरोधीहरुलाई मुद्दा बनाइदिनेछन् । शोषित, पीडित जनताहरु जो कांग्रेस, एमाले, नेकपा र अन्य ससाना दलहरुबाट समेत वर्षौंदेखि प्रताडित थिए, तिनको प्रताडनाबाट मुक्ति गराउँदै, केही जनअपेक्षित सुशासनका कार्यहरु गरिरहेकाले मात्र बालेन्द्र सरकारप्रति आशा र भरोसा टुटिसकेको देखिदैन । चुनावमा करारी हार भएकाले कांग्रेस, एमाले, नेकपाले विद्यार्थी वा अन्य आन्दोलनमा समर्थन गरिसकेका छैनन् । सरकारले भ्रष्ट व्यापारी, उद्यमीहरुलाई कारवाही थालेकाले उनीहरु पनि भित्रभित्रै आक्रोसित भइरहेका छन् । तथापि आम नेपालीको भरोसा भएकाले विद्यार्थी, कर्मचारी, व्यापारी, उद्यमीहरुको आक्रोस आगो बन्न सकेको छैन ।

चौतर्फी युद्धको ढोका खोलेकाले चक्रवर्ती नेपोलियनको अन्ततः हार हुनगयो । चौतर्फी बिकृति र बिसंगति बढ्नं अघि सरेको बालेन्द्र सरकार कतै नेपोलियनको नियतिमा नपुगोस् । जनताको साथ छ, जनादेश, जनबल छ, विपक्षी साह्रै कमजोर छन्, काम गर्छु भनेर लागेका प्रम बालेन्द्र साहले बोल्ने फुर्सद पनि पाएका छैनन् । बजेट अधिवेशन सुरु भएपछि प्रत्येक महिनाको पहिलो हप्ता सांसदले संसदमा प्रश्न सोध्नेछन् र प्रम बालेन्द्र साहले जवाफ दिनुपर्नेछ । त्यो वेला बालेन्द्र साहको ढाडको हाड कति बलियो छ भनेर देशवासी र सारा संसारले देख्नेछन् ।

प्रश्न बालेन्द्र साहलाई अपराधीहरुको जालोले जनअपेक्षित काम गर्न देला ? भन्ने हो । बालेन्द्र साह र रास्वपाले आफूलाई मध्यममार्गी मूलधारको सफल राजनीतिक शक्ति बनाउने हो भने पूर्वराजाले सुझाएजस्तो संवाद, सहमति र सहकार्यबाट अघि बढ्नुपर्नेछ । जबसम्म नेपाल रहिरहन्छ, तबसम्म राजतन्त्र राजनीतिक शक्तिका रुपमा हुनेछ । यत्ति बुझे रास्वपा र बालेन्द्र साह सफल हुनेछन् ।

भ्रष्ट नेतृत्वको परिणाम र नयाँ नेतृत्वको आश्वासन

नारायणप्रसाद मिश्र

राजनीति शास्त्रले राजनीति भन्ने शब्दलाई जुनसुकै शब्द वाक्य प्रयोग गरी परिभाषा गरेपनि साधारण र सबैले बुझ्ने किसिमले भनिदा राज्य, सरकार र शासन प्रणाली सम्बन्धी कामकाज, क्रियाकलापलाई राजनीतिभन्दा फरक नपर्ला । कम शब्दमा भनिदा राज्यको शासन् प्रशाशन सम्बन्धी नीतिलाई राजनीति पनि भन्न सकिन्छ । यसैले मुलुक, सरकार र राजनीतिलाई अलग्याउन मिल्दैन । मुलुक र राजनीति अभिन्न भई सदा टाँसिएर रहेका हुन्छन् । यसैले जहाँ राजनीति शुद्ध, पवित्र राम्रो हुन्छ, त्यहाँ जरूर पनि मुलुकको अवस्था राम्रो हुन्छ । जहाँ राजनीति खराव हुन्छ, त्यहाँ मुलुकको अवस्था पनि खराव हुन्छ । तर राम्रो राजनीति राजनीतिज्ञहरूको इमान्दारिता, कर्तव्यपरायणता, निष्ठा, देशप्रेम, निस्वार्थ, सेवाभाव, सक्रियता, ज्ञान र अनुभवमा भरपर्छ । जहाँ राजनीतिज्ञ र तिनका पिछलग्गुहरु बेइमान्, स्वार्थी, नैतिकहिन, जनतामारा, देशद्रोही हुन्छन्, त्यहाँ बेइमानी, छलकपट, झूट, धोकेबाजीको नामनै राजनीति हुन जान्छ ।

प्रजातन्त्र र गणतन्त्रको दुई शब्दको भूमरीमा मुलुक र जनतालाई अलमल्याई दलतन्त्र, नेतातन्त्र, आफू र आफन्ततन्त्र, अनि मनपरीतन्त्र चलाई देश लुट्ने हाम्रा राजनीतिज्ञहरुले बेइमानी र बदमासीको नामनै राजनीति भन्ने अर्थ मुलुकमा स्थापन गरिसकेकोले हाम्रो देशको अवस्था राम्रो छैन । नीति नियम तर्जुमा देखि अड्डा अफिस सञ्चालन सम्म सवैतिर भताभुङ्ग पारेको स्थिति छ । पद र शक्तिमा रहेका राजनीतिज्ञहरूसँगकै सम्बन्ध, सम्पर्क र घनिष्टताले देशमा रहेका हुल्याहा, चोर, डाका, लुटाहा अपहरणकर्ताहरूले पनि पुलिस भन्दा बलिया भई देशमा हैकम चलाइरहेका छन् । यी राजनीतिज्ञहरुसँगैको मित्रता र घनिष्टताले इमान नभएका व्यापारी, उद्योगपतिहरुले पनि देश र जनतालाई लुटिरहेका छन् । यी राजनीतिज्ञहरुकै आशिर्वादले यिनका पिछलग्गुहरु र सरकारी उच्च पदाधिकारीहरूले विना डरभर नक्कली भुटानी शरणार्थी काण्ड जस्तो थरी थरीका दर्जनौं भ्रष्टाचार काण्डहरू मुलुकमा घटाएका छन् ।

यिनीहरूकै शक्तिको रापताप पाई अड्डा अफिसमा सानादेखि माथिल्लो तहसम्मका राष्ट्रसेवकहरुले मालपोत, नापी, यातायात, वडा कार्यालय सबतिर घुसबिना काम नहुने स्थिति बनाइराखेका छन् । यिनीहरूकै मिलोमतो र मित्राताले सहकारी सञ्चालकहरुले विभिन्न जालझेल बुनी जनता ठगेका छन् । यिनीहरुकै स्वार्थी नीति नियमले गर्दा मुलुकमा शिक्षा र स्वास्थ्य सेवा समेत व्यापार, उद्योगधन्दा जस्तो नाफा मुलक हुन गई जनता मारमा परेका छन् । यिनीहरुकै फोहरी खेलले गर्दा शैक्षिक संस्था, अस्पताल, बैङ्क, अनुसन्धान केन्द्र, कलकारखाना सबतिर राजनीति घुसेका छन् । यिनीहरुकै गलत सोचाइ र समर्थनले गर्दा विदेशी धर्म प्रचारकहरुको रकम, पैसाको शक्तिको दवाव र प्रभावले हाम्रो धर्म, संस्कार, संस्कृति, इतिहास मेटाउन खोजिरहेका छन् । यस्ता कुराहरु अनगिन्ति छन् । लेखेर, बोलेर साध्य छैन । यसरी हाम्रो मुलुकको समस्या केलाइ हेर्दा यसको समस्या समाधान गर्न कम गाह्रो देखिन्दैन । जस्तोसुकै बुद्धिमान, सामर्थ्यवान, बलवानवाट पनि समाधान गर्न नसकिने समस्या भन्नलाई "इन्द्रको बाबु गजेन्द्र आएपनि हुँदैन' भन्ने एउटा नेपाली भनाइ छ । हो ! यहाँको स्थिति यस्तै बनाएको छ ।

बल्लबल्ल दशकौंको अनुभववाट आफनो दुःख, पीडा, शोषण दमन, अन्याय अत्याचार यहाँका जनतालाई बोध हुन गएको, यसको निराकरणको लागि जनता अग्रसर भएको अर्थात जनता सचेत र जागरुक हुन गएको कारण अकल्पित किसिमले ती ठग दल र नेताहरूलाई यसपालीको आमचुनावमा जनताले शक्तिको सिंहासनबाट तल झारिदिए । यसैको परिणाम स्वरूप मुलुकको वेथिति हटाई, सुव्यवस्था बसाली देश र जनताको सर्वोक्तम हितको लागि मुलुकलाई दूतगतिले विकास पथमा लम्काउने कठिन तर महान जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टीको बालेन्द्र शाह सरकारको काँध माथि परेको छ । यो सरकार इन्द्रको बाबु गजेन्द्र मात्र होइन, महा गजेन्द्र भई अग्रसर भइरहेको पनि आभास हुन्छ ।

पद र शक्ति गुमाई तिलमिलाएका दल र यिनका पिछलग्गुहरुले आफूले दशकौंसम्म प्रजातन्त्रको नाममा दलतन्त्र र नेतातन्त्र चलाएकोमा पछुताई सुध्रिनुको सट्टा अझै वर्तमान सरकारको सही कामलाई पनि गलत साबित गरी बाधा पुऱ्याउन लागिपरेको भान हुन्छ । शैक्षिक संस्थालाई दलजस्तो थरी थरीका विद्यार्थी संघ सगठनमा प्राध्यापक संघ, संगठनबाट अलग राखी शैक्षिक वातावरण कायम गर्ने कुरा मुलुक र जनताको हित हुने कुरा निर्विवाद छ । त्यस्तै अड्डा अफिसलाई दुषित राजनैतिक कर्मचारी संघ सगठनबाट अलग राख्नु उतिकै हितकर छ । नेता र दलको मुखपत्र हुने अखबार, पत्रपत्रिका, वा प्रचार प्रसार गर्ने संस्थालाई विज्ञापन दिने नाममा सरकारी रकम अनाहक खर्च नगरी सरकारी सञ्चार माध्यमवाट सरकारी सूचना प्रवाह गर्नु जनहितको लागि उतिकै फायदाजनक र सुविधाजनक छ । त्यस्तै कानून आफनो हातमा लिई नदी किनारको जग्गा कब्जा र वसोवास गरी बागमती सभ्यता विनाश, नदी प्रदूषण, शहरी वातावरण विनाश मात्र होइन, आफ्नै जीउधन् वाढीको खतरामा राख्ने केही सुकुम्बासी तर धेरै हुकुमबासीलाई नदी किनारबाट हटाई बागमती सभ्यता कायम गर्नु कुनैपनि हालतमा गलत काम होइन । जनहित र देशहित चाहने कसैले विरोध गर्न पर्ने यो विषयनै जरूर होइन । तर अझै प्रजातन्त्र, मानवअधिकार, नागरिक अधिकार, संघ संगठन खोल्ने र सुकुमवासी अधिकारको गलत व्याख्या गरी ती दल र नेताका अनुयायीहरू यी सबै राम्रा नीति र कामकुराको विरोधमा उत्रिरहेकाछन् । कुनै पनि संघ, संगठन सीमित संख्या र समूहको लागि भन्दा देश र बहुसंख्यक जनताको हितमा हुनपर्ने कुरा बिर्सी प्रजातान्त्रिक हक अधिकारको कुरा गरी अझै जनतालाई मूर्ख बनाउन खोजिरहेकाछन् ।

देशको विकास र जनताको कल्याण चाहने हो भने कुनै पनि दल र दलका कार्यकर्ताहरूले अन्तस्करणलाई साक्षी राखी जुनसुकै दल सरकारमा रहेपनि ठीकलाई ठीक, बेठिकलाई बेठिक; सहीलाई सही, असहीलाई असही भन्ने संस्कारको विकास गनै पर्दछ । अन्यथा यो देश कहिल्यै ठीक वाटोमा लाग्न सक्तैन । गलत नेता र राजनीतिज्ञहरूको अन्धा भक्तभई तिनीहरूकै नोकर, चाकर, दास हुने संस्कार नेपाली जनताले नछोडेसम्म देश उभो लाग्न सक्तैन ।

narayanshanti70@gmail.com

लेखक परिचय: एक वरिष्ठ नागरिक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका निवृत पदाधिकारी, पूर्व प्रमुख, नेपाली र अंग्रेजी भाषामा लेखिएका केही पुस्तक र असंख्य निस्पक्ष लेखहरुका लेखक ।

सन्ध्याकालीन

www.sandhyakalin.com

गोरखा एक्सप्रेस

www.nepaltoday.com.np **पढौं**

लेख, रचना र विज्ञापन पठाएर सहयोग गरौं ।

शान्ति र सद्भाव कायम गरौं

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मध्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तन मार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड